CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा

इतिहास-प्रधान त्रैमासिक पत्रिका

५९

पू

र्णा

ङ्क

संशोधन-मण्डल

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

का. मे. अ. द. नं. १५५/२४९

तदिह न गुणदोषौ योजनीयावलौकौ
कथमपि महता यत् संस्कृतोऽयं श्रमेण ।
—बापूदेव शास्त्री

[धेरै मिहिनेत गरी यो तयार गरिएको छ । यस कारण यहाँ झूटो गुण अथवा दोष नलगाइदिनुहोला ।]

पूर्णिमा

(इतिहास—प्रधान त्रैमासिक पत्रिका)

१५ वर्ष ३ अङ्क

सम्पादक—
महेशराज पन्त
दिनेशराज पन्त

प्रकाशक—
देवीप्रसाद भण्डारी
(संशोधन—मण्डलद्वारा)

यस अङ्कको मूल्य रु. १५।—

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विषय-सूची

		पृष्ठ
१. बुद्धको दृष्टिमा अजय्यताका सात कारण	नयराज पन्त	१-१४
२. हीरहडगल्लिको ताम्रपत्रको अट्ठारसजाति के अठाह्र जात हो ?	महेशराज पन्त	१५-२०
३. अष्टादश तीर्थको नाउँ के रघुवंशमा किटिएका छन् ?	महेशराज पन्त	२०-२३
४. सुमति को हुन् ?	महेशराज पन्त	२४-२६
५. वटेश्वरसिद्धान्त र नेपालसंवत्	महेशराज पन्त	२७-२९
६. दोहलिको निर्वचनको प्रसङ्गमा	महेशराज पन्त	३०-४१
७. पृथ्वीनारायण शाहको अप्रकाशित रुक्का	महेशराज पन्त	४१-४२
८. पूर्णदासले बनाएको श्री ५ राजेन्द्रविक्रम शाहको पालाको फागुको बयान भएको अप्रकाशित नेपाली पद्य	दिनेशराज पन्त	४२-४४

शुद्धिपत्र

पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध	पृष्ठ	पङ्क्ति	अशुद्ध	शुद्ध
६	२७	मानययन्ति	मानयन्ति	२४	१८	वादयिवाद	वादविवाद
१४	८	बास	वास	२५	३१	राजवँशीको	राजवंशीको
१५	११	प्ररतुत	प्रस्तुत	२६	२८	सुमतितन्त्र	सुमतितन्त्र
१८	१५	°गुड क्षोभं	°गुडक्षोभं	२६	२९	भन्न्ने	भन्ने
१८	१९	अर्थात्	अर्थात्	२८	५	समाप्तः	समाप्तः
१९	१	श्रीदीनेशन्द्र	श्रीदीनेशचन्द्र	२८	१८	(व्यवहार	(व्यवहार)
२०	३	हिरहडगल्लीको	हीरहडगल्लिको	३०	५	विद्यार्थी°	विद्यार्थी°
२०	६	चीचबीजको	चीजबीजको	३०	१२	दोहलि	दोहोलि वा दोहलि
२०	१४	यहानिर	यहाँनिर	३३	४	पुग्यमल्ल	पुण्यमल्ल
२०	१६	प्रजा ।	प्रजा ।८४	३३	५	नोट्इफाइट्	नोट्इफाइड्
२१	५	°जातिकी	°जातिको	३३	१७	दोहलि	दोहोलि
२१	२३	पनि गरेका पनि	पनि	३५	४	१५३८	१४३८
२२	२३	°त्तीर्थ्या°	°त्तीर्थ्वा°	३५	१२	माइको°	माइक्रो°
२२	२७	°द्यष्टा°	°घण्टा°	३५	१६	नामा°	नाम°
२३	८	हुोइनन्	होइनन्	३५	२५	छ ।	छ ।)
२४	९	विप्रतिप्रत्ति	विप्रतिपत्ति				

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बुद्धको दृष्टिमा अजय्यताका सात कारण

– नयराज पन्त

वि. सं. २०२१ मा नेपाल सांस्कृतिक परिषद्बाट रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान् राजवंशी, धनवज्र वज्राचार्यको *ऐतिहासिक पत्रसंग्रह* दोस्रो भाग प्रकाशित भएको थियो। त्यसमा *मिलोजुली काम गर्न खोज्नेले विचार राख्नुपर्ने कुरा* भन्ने मेरो निबन्ध उपोद्घातको रूपमा परेको थियो। *महापरिनिर्वाणसूत्र*का उठानका केही भागको मूल पालि, त्यसको संस्कृतच्छाया र नेपाली सारांश पनि त्यस लेखमा परेका थिए। तिनमध्ये चार खण्डको तीन खण्ड जति अहिले यस निबन्धमा पनि दोहरिएका छन्। महेशराज पन्तले पालिव्याकरण र कोषहरू हेरी संस्कृतच्छायामा पहिले परेका त्रुटि र नेपाली भाषामा परेका केही त्रुटि सच्याइदिएका छन्। अहिले यहाँ छापिएका पद्यचाहिँ मैले यसै वर्ष बनाएको हुँ। यो लेख ईश्वर रेग्मी र केशव आचार्यले साफी गरिदिएका छन्। सबैलाई यथोचित धन्यवाद छ।

मूल पालि

१. एवं मे सुतं। एकं समयं भगवा राजगहे विहरति गिज्झकूटे पब्बते। तेन खो पन समयेन राजा मागधो अजातसत्तु वेदेहिपुत्तो वज्जी अभियातुकामो होति। सो एवमाह– अहं हीमे वज्जी एवंमहिद्धिके एवंमहानुभावे उच्छेज्जामि वज्जी, विनासेस्सामि वज्जी, अनयव्यसनं आपादेस्सामि वज्जीति।

२. अथ खो राजा मागधो अजातसत्तु वेदेहिपुत्तो वस्सकारं ब्राह्मणं मगधमहामत्तं आमन्तेसि – एहि त्वं ब्राह्मण येन भगवा तेनुपसङ्कम, उपसङ्कमित्वा मम वचनेन भगवतो पादे सिरसा वन्दाहि, अप्पाबाधं अप्पातङ्कं लहुट्ठानं बलं फासुविहारं पुच्छ, राजा भन्ते मागधो अजातसत्तु वेदेहिपुत्तो भगवतो पादे सिरसा वन्दति, अप्पाबाधं अप्पातङ्कं लहुट्ठानं बलं फासुविहारं पुच्छतीति; एवञ्च वदेहि– राजा भन्ते मागधो अजातसत्तु वेदेहिपुत्तो वज्जी अभियातुकामो, सो एवमाह– अहं हीमे वज्जी एवंमहिद्धिके एवंमहानुभावे उच्छेज्जामि वज्जी, विनासेस्सामि वज्जी, अनयव्यसनं आपादेस्सामि वज्जीति; यथा च ते भगवा व्याकरोति, तं साधुकं उग्गहेत्वा ममं आरोचेय्यासि, नहि तथागता वितथं भणन्तीति।

३. एवं भोति खो वस्सकारो ब्राह्मणो मगधमहामत्तो रञ्ञो मागधस्स अजातसत्तुस्स

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वेदेहिपुत्तस्स पटिस्सुत्वा भद्दानि भद्दानि यानानि योजापेत्वा भद्दं यानं अभिरूहित्वा भद्देहि भद्देहि यानेहि राजगहम्हा निय्यासि, येन गिज्झकूटो पब्बतो तेन पायासि, यावतिका यानस्स भूमि यानेन गन्त्वा याना पच्चोरोहित्वा पत्तिकोव येन भगवा तेनुपसङ्कमि, उपसङ्कमित्वा भगवता सद्धिं सम्मोदि, सम्मोदनीयं कथं साराणीयं वीतिसारेत्वा एकमन्तं निसीदि । एकमन्तं निसिन्नो खो वस्सकारो ब्राह्मणो मगधमहामत्तो भगवन्तं एतदवोच– राजा भो गोतम मागधो अजातसत्तु वेदेहिपुत्तो भगवतो पादे सिरसा वन्दति, अप्पाबाधं अप्पातङ्कं लहुट्ठानं बलं फासुविहारं पुच्छतीति, राजा भो गोतम मागधो अजातसत्तु वेदेहिपुत्तो वज्जी अभियातुकामो, सो एवमाह– अहं हीमे वज्जी एवंमहिद्धिके एवंमहानुभावे उच्छेज्जामि वज्जी, विनासेस्सामि वज्जी, अनयव्यसनं आपादेस्सामि वज्जीति ।

४. तेन खो पन समयेन आयस्मा आनन्दो भगवतो पिट्ठितो ठितो होति भगवन्तं वीजमानो । अथ खो भगवा आयस्मन्तं आनन्दं आमन्तेसि–

किन्ति ते आनन्द सुतं वज्जी अभिण्हं सन्निपाता सन्निपातबहुलाति ।

सुतं मे तं भन्ते वज्जी अभिण्हं सन्निपाता सन्निपातबहुलाति ।

याव कीवञ्च आनन्द वज्जी अभिण्हं सन्निपाता सन्निपातबहुला भविस्सन्ति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानि ।

किन्ति ते आनन्द सुतं वज्जी समग्गा सन्निपतन्ति, समग्गा वुट्ठहन्ति, समग्गा वज्जिकरणीयानि करोन्तीति ।

सुतं मे तं भन्ते वज्जी समग्गा सन्निपतन्ति, समग्गा वुट्ठहन्ति, समग्गा वज्जिकरणीयानि करोन्तीति ।

याव कीवञ्च आनन्द वज्जी समग्गा सन्निपतिस्सन्ति, समग्गा वुट्ठहिस्सन्ति, समग्गा वज्जिकरणीयानि करिस्सन्ति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानि ।

किन्ति ते आनन्द सुतं वज्जी अप्पञ्ञत्तं न पञ्ञापेन्ति, पञ्ञत्तं न समुच्छिन्दन्ति, यथापञ्ञत्ते पोराणे वज्जिधम्मे समादाय वत्तन्तीति ।

सुतं मे तं भन्ते वज्जी अप्पञ्ञत्तं न पञ्ञापेन्ति, पञ्ञत्तं न समुच्छिन्दन्ति, यथापञ्ञत्ते पोराणे वज्जिधम्मे समादाय वत्तन्तीति ।

याव कीवञ्च आनन्द वज्जी अप्पञ्ञत्तं न पञ्ञापेस्सन्ति, पञ्ञत्तं न समुच्छिन्दिस्सन्ति, यथापञ्ञत्ते पोराणे वज्जिधम्मे समादाय वत्तिस्सन्ति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

किन्ति ते आनन्द सुतं वज्जी ये ते वज्जीनं वज्जिमहल्लका ते सक्करोन्ति गरुं करोन्ति मानेन्ति पूजेन्ति तेसञ्च सोतब्बं मञ्जन्तीति ।

सुतं मे तं भन्ते वज्जी ये ते वज्जीनं वज्जिमहल्लका ते सक्करोन्ति गरुं करोन्ति मानेन्ति पूजेन्ति तेसञ्च सोतब्बं मञ्जन्तीति ।

याव कीवञ्च आनन्द वज्जी ये ते वज्जीनं वज्जिमहल्लका ते सक्करिस्सन्ति गरुं करिस्सन्ति मानेस्सन्ति पूजेस्सन्ति तेसञ्च सोतब्बं मञ्ञिस्सन्ति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानि ।

किन्ति ते आनन्द सुतं वज्जी या ता कुलित्थियो कुलकुमारियो ता न ओक्कस्स पसय्ह वासेन्तीति ।

सुतं मे तं भन्ते वज्जी या ता कुलित्थियो कुलकुमारियो ता न ओक्कस्स पसय्ह वासेन्तीति ।

याव कीवञ्च आनन्द वज्जी या ता कुलित्थियो कुलकुमारियो ता न ओक्कस्स पसय्ह वासेस्सन्ति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानि ।

किन्ति ते आनन्द सुतं वज्जी यानि तानि वज्जीनं वज्जिचेतियानि अब्भन्तरानि चेव बाहिरानि च तानि सक्करोन्ति गरुं करोन्ति मानेन्ति पूजेन्ति, तेसञ्च दिन्नपुब्बं कतपुब्बं धम्मिकं बलिं नो परिहापेन्तीति ।

सुतं मे तं भन्ते वज्जी यानि तानि वज्जीनं वज्जिचेतियानि अब्भन्तरानि चेव बाहिरानि च तानि सक्करोन्ति गरुं करोन्ति मानेन्ति पूजेन्ति, तेसञ्च दिन्नपुब्बं कतपुब्बं धम्मिकं बलिं नो परिहापेन्तीति ।

याव कीवञ्च आनन्द वज्जी यानि तानि वज्जीनं वज्जिचेतियानि अब्भन्तरानि चेव बाहिरानि च तानि सक्करिसन्ति गरुं करिस्सन्ति मानेस्सन्ति पूजेस्सन्ति, तेसञ्च दिन्नपुब्बं कतपुब्बं धम्मिकं बलिं नो परिहापेस्सन्ति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानि ।

किन्ति ते 'आनन्द सुतं वज्जीनं अरहन्तेसु धम्मिकारक्खावरणगुत्ति सुसंविहिता किन्ति अनागता च अरहन्तो विजितं आगच्छेय्युं, आगता च अरहन्तो विजिते फासुं विहरेय्युंति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुतं मे तं भन्ते वज्जीनं अरहन्तेसु धम्मिकारक्खावरणगुत्ति सुसंविहिता, किन्ति अनागता च अरहन्तो विजितं आगच्छेय्युं, आगता च अरहन्तो विजिते फासु विहरेय्युंति।

याव कीवञ्च आनन्द वज्जीनं अरहन्तेसु धम्मिकारक्खावरणगुत्ति सुसंविहिता भविस्सति, किन्ति अनागता च अरहन्तो विजितं आगच्छेय्युं, आगता च अरहन्तो विजिते फासु विहरेय्युंति, वुद्धि येव आनन्द वज्जीनं पाटिकङ्खा नो परिहानीति।

५. अथ खो भगवा वस्सकारं ब्राह्मणं मगधमहामत्तं आमन्तेसि– एकमिदाहं ब्राह्मण समयं वेसालियं विहरामि सारन्ददे चेतिये, तत्राहं वज्जीनं इमं सत्त अपरिहानिये धम्मे देसेसिं, याव कीवञ्च ब्राह्मण इमे सत्त अपरिहानिया धम्मा वज्जीसु ठस्सन्ति, इमेसु च सत्तसु अपरिहानियेसु धम्मेसु वज्जी सन्दिस्सन्ति, वुद्धि येव ब्राह्मण वज्जीनं पाटिकङ्खा नो परिहानीति।

६. एवं वुत्ते वस्सकारो ब्राह्मणो मगधमहामत्तो भगवन्तं एतदवोच– एकमेकेन पि भो गोतम अपरिहानियेन धम्मेन समन्नागतानं वज्जीनं वुद्धि येव पाटिकङ्खा नो परिहानि, को पन वादो सत्तहि अपरिहानियेहि धम्मेहि, अकरणीयाव भो गोतम वज्जी रञ्ञा मागधेन अजातसत्तुना वेदेहिपुत्तेन यदिदं युद्धस्स अञ्ञत्र उपलापनाय अञ्ञत्र मिथु भेदा, हन्द च दानि मयं भो गोतम गच्छाम बहुकिच्चा मयं बहुकरणीयाति।

यस्स दानि त्वं ब्राह्मण कालं मञ्ञसीति।

अथ खो वस्सकारो ब्राह्मणो मगधमहामत्तो भगवतो भासितं अभिनन्दित्वा अनुमोदित्वा उट्ठायासना पक्कामि।

संस्कृतच्छाया

१. एवं मया श्रुतम्। एकस्मिन् समये भगवान् राजगृहे विहरति स्म गृध्रकूटे पर्वते। तस्मिन् खलु समये राजा मागधोऽजातशत्रुर्वैदेहीपुत्रो वृजिकानभियातुकामो भवति स्म। स एवमाह– अहं हीमानेवंमहर्द्धिकानेवंमहानुभावानुच्छेत्स्यामि वृजिकान्, विनाशयिष्यामि वृजिकान्, अनयव्यसनमापादयिष्यामि वृजिकानिति।

२. अथ खलु राजा मागधोऽजातशत्रुर्वैदेहीपुत्रो वर्षकारं ब्राह्मणं मगधमहामात्रमामन्त्रत– एहि त्वं ब्राह्मण यत्र भगवान् तत्रोपसङ्क्राम, उपसङ्क्रम्य मम वचनेन भगवतः

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पादौ शिरसा वन्दस्व, अल्पाबाधमल्पातङ्कं लघूत्थानं बलं सुखविहारं पृच्छ, भगवन् राजा मागधोऽजातशत्रुर्वैदेहीपुत्रो भगवतः पादौ शिरसा वन्दते, अल्पाबाधमल्पातङ्कं लघूत्थानं बलं सुखविहारं पृच्छतीति; एवं च वद– भगवन् राजा मागधोऽजातशत्रुर्वैदेहीपुत्रो वृजिकानभियातुकामः, स एवमाह– अहं हीमानेवंमहर्द्धिकानेवंमहानुभावानुच्छेत्स्यामि वृजिकान्, विनाशयिष्यामि वृजिकान्, अनयव्यसनमापादयिष्यामि वृजिकानिति; यथा च ते भगवान् व्याकरोति, तत् साधु गृहीत्वा मामाचक्ष्व, नहि तथागता वितथं भणन्तीति ।

३. एवं भवत्विति खलु वर्षकारो ब्राह्मणो मगधमहामात्रो राज्ञे मागधायाजातशत्रवे वैदेहीपुत्राय प्रतिश्रुत्य भद्राणि यानानि योजयित्वा भद्रं यानमारुह्य भद्रैर्यानै राजगृहान्निरयासीत्, यत्र गृध्रकूटः पर्वतस्तत्र प्रायासीत्, यावतिका यानस्य भूमिस्तावतिकां यानेन गत्वा यानादवरुह्य पदिक एव यत्र भगवान् तत्रोपसमक्रमीत्, उपसङ्क्रम्य भगवता सार्द्धं सममोदिष्ट, सम्मोदनीयां कथां स्मारणीयां परिसमाप्यैकतो न्यषदत् । एकतो निषण्णः खलु वर्षकारो ब्राह्मणो मगधमहामात्रो भगवन्तमेतदवोचत्– भो गौतम राजा मागधोऽजातशत्रुर्वैदेहीपुत्रो भगवतः पादौ शिरसा वन्दते, अल्पाबाधमल्पातङ्कं लघूत्थानं बलं सुखविहारं पृच्छतीति, भो गौतम राजा मागधोऽजातशत्रुर्वैदेहीपुत्रो वृजिकानभियातुकामः, स एवमाह– अहं हीमानेवंमहर्द्धिकानेवंमहानुभावानुच्छेत्स्यामि वृजिकान्, विनाशयिष्यामि वृजिकान्, अनयव्यसनमापादयिष्यामि वृजिकानिति ।

४. तस्मिन् खलु समय आयुष्मानानन्दो भगवतः पृष्ठतः स्थितो भवति स्म भगवन्तं वीजयमानः । अथ खलु भगवानायुष्मन्तमानन्दमामन्त्रत–

किमिति त्वयानन्द श्रुतं वृजिका अभीक्ष्णसन्निपाताः सन्निपातबहुला इति ।

श्रुतं मया तद् भगवन् वृजिका अभीक्ष्णसन्निपाताः सन्निपातबहुला इति ।

यावन्तं च कालमानन्द वृजिका अभीक्ष्णसन्निपाताः सन्निपातबहुला भविष्यन्ति, विद्ध्येवानन्द तावन्तं कालं वृजिकानां प्रतिष्ठा नो परिहानिः ।

किमिति त्वयानन्द श्रुतं वृजिकाः समग्राः सन्निपतन्ति समग्रा उत्तिष्ठन्ते समग्रा वृजिकरणीयानि कुर्वन्तीति ।

श्रुतं मया तद् भगवन् वृजिकाः समग्राः सन्निपतन्ति, समग्रा उत्तिष्ठन्ते, समग्रा वृजिकरणीयानि कुर्वन्तीति ।

यावन्तं च कालमानन्द वृजिकाः समग्राः सन्निपतिष्यन्ति, समग्रा उत्थास्यन्ते,

CC-0. Nepal Sanskrit Academy, Kathmandu

समग्रा वृजिकरणीयानि करिष्यन्ति, विद्धयेवानन्द तावन्तं कालं वृजिकानां प्रतिष्ठा नो परिहानिः ।

किमिति त्वयानन्द श्रुतं वृजिका अप्रज्ञप्तं न प्रज्ञपयन्ति, प्रज्ञप्तं न समुच्छिन्दन्ति, यथाप्रज्ञप्तं पुराणान् वृजिधर्मान् समादाय वर्तन्त इति ।

श्रुतं मया तद् भगवन् वृजिका अप्रज्ञप्तं न प्रज्ञपयन्ति, प्रज्ञप्तं न समुच्छिन्दन्ति, यथाप्रज्ञप्तं पुराणान् वृजिधर्मान् समादाय वर्तन्त इति ।

यावन्तं च कालमानन्द वृजिका अप्रज्ञप्तं न प्रज्ञपयिष्यन्ति, प्रज्ञप्तं न समुच्छेत्स्यन्ति, यथाप्रज्ञप्तं पुराणान् वृजिधर्मान् समादाय वर्तिष्यन्ते, विद्धयेवानन्द तावन्तं कालं वृजिकानां प्रतिष्ठा नो परिहानिः ।

किमिति त्वयानन्द श्रुतं वृजिका ये वृजिकानां महत्तरास्तान् सत्कुर्वन्ति गुरूकुर्वन्ति मानयन्ति पूजयन्ति तेषां च श्रोतव्यं वाक्यं मन्यन्त इति ।

श्रुतं मया तद् भगवन् वृजिका ये वृजिकानां महत्तारास्तान् सत्कुर्वन्ति गुरूकुर्वन्ति मानयन्ति पूजयन्ति तेषां च श्रोतव्यं वाक्यं मन्यन्त इति ।

यावन्तं च कालमानन्द वृजिका ये वृजिकानां महत्तारास्तान् सत्करिष्यन्ति गुरूकरिष्यन्ति मानयिष्यन्ति पूजयिष्यन्ति तेषां च श्रोतव्यं वाक्यं मंस्यन्ते, विद्धयेवानन्द तावन्तं कालं वृजिकानां प्रतिष्ठा नो परिहानिः ।

किमिति त्वयानन्द श्रुतं वृजिका याः कुलस्त्रियः कुलकुमार्यस्ता अवकृष्य प्रसह्य न वासयन्तीति ।

श्रुतं मया तद् भगवन् वृजिका याः कुलस्त्रियः कुलकुमार्यस्ता अवकृष्य प्रसह्य न वासयन्तीति ।

यावन्तं च कालमानन्द वृजिका याः कुलस्त्रियः कुलकुमार्यस्ता अवकृष्य प्रसह्य न वासयिष्यन्ति, विद्धयेवानन्द तावन्तं कालं वृजिकानां प्रतिष्ठा नो परिहानिः ।

किमिति त्वयानन्द श्रुतं वृजिका यानि वृजिकानां चैत्यान्याभ्यन्तराणि चैव बाह्यानि तानि सत्कुर्वन्ति गुरूकुर्वन्ति मानयन्ति पूजयन्ति, तेषां च दत्तपूर्वं कृतपूर्वं धार्मिकं बलिं नो परिहापयन्तीति ।

श्रुतं मया तद् भगवन् वृजिका यानि वृजिकानां चैत्यान्याभ्यन्तराणि चैव बाह्यानि तानि सत्कुर्वन्ति गुरूकुर्वन्ति मानययन्ति पूजयन्ति, तेषां च दत्तपूर्वं कृतपूर्वं धार्मिकं

CC-0. Nepal Sanskrit Academy, Kathmandu

बलिं नो परिहापयिष्यन्तीति ।

यावन्तं च कालमानन्द वृजिका यानि वृजिकानां चैत्यान्याभ्यन्तराणि चैव बाह्यानि तानि सत्करिष्यन्ति गुरूकरिष्यन्ति मानयिष्यन्ति पूजयिष्यन्ति, तेषां च दत्तपूर्वं कृतपूर्वं धार्मिकं बलिं न परिहापयिष्यन्ति, विद्धयेवानन्द तावन्तं कालं वृजिकानां प्रतिष्ठा नो परिहानिः ।

किमिति त्वयानन्द श्रुतं वृजिकैरर्हत्सु धार्मिकारक्षावरणगुप्तिः सुसंविहिता, किमित्यनागताश्चार्हन्तो विजितमागच्छेयुरागताश्च विजिते सुखं विहरेयुरिति ।

श्रुतं मया तद् भगवन् वृजिकैरर्हत्सु धार्मिकारक्षावरणगुप्तिः सुसंविहिता, किमित्यनागताश्चार्हन्तो विजितमागच्छेयुरागताश्च विजिते सुखं विहरेयुरिति ।

यावन्तं च कालमानन्द वृजिकैरर्हत्सु धार्मिकारक्षावरणगुप्तिः सुसंविहिता भविष्यति, किमित्यनागताश्चार्हन्तो विजितमागच्छेयुरागताश्च विजिते सुखं विहरेयुरिति, विद्धयेवानन्द तावन्तं कालं वृजिकानां प्रतिष्ठा नो परिहानिरिति ।

अथ खलु भगवान् वर्षकारं ब्राह्मणं मगधमहामात्रमामन्त्रत— एकस्मिन् समयेऽहं ब्राह्मण वैशाल्यां विहरामि स्म सारन्ददे चैत्ये, तत्राहं वृजिकानिमान् सप्तापरिहाणीयान् धर्मानुपादिक्षम्, यावन्तं च कालं ब्राह्मण इमे सप्तापरिहाणीया धर्मा वृजिकेषु स्थास्यन्ति, एषु च सप्तस्वपरिहाणीयेषु धर्मेषु वृजिकाः सन्दर्शिष्यन्ते, विद्धयेव ब्राह्मण तावन्तं कालं वृजिकानां प्रतिष्ठा नो परिहानिरिति ।

६. एवमुक्ते वर्षकारो ब्राह्मणो मगधमहामात्रो भगवन्तमेतदवोचत्— एकेनापि भो गौतमापरिहाणीयेन धर्मेण समन्वितानां वृजिकानां विद्धयेव प्रतिष्ठा नो परिहानिः, किं पुनर्वक्तव्यं सप्तभिरपरिहाणीयैर्धर्मैः, न करणीयमेव भो गौतम वृजिकैः सह राज्ञा मागधेनाजातशत्रुणा वैदेहीपुत्रेण यदिदं युद्धमन्यत्रोपलापनादन्यत्र मिथोभेदात्, हन्त चेदानीं भो गौतम गच्छाम बहुकृत्या वयं बहुकरणीया इति ।

यस्येदानीं त्वं ब्राह्मण कालं मन्यस इति ।

अथ खलु वर्षकारो ब्राह्मणो मगधमहामात्रो भगवतो भाषितमभिनन्द्यानुमोद्योत्थायासनात् प्राक्रमीत् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपालीमा सारांश

मैले यस्तो सुनेको थिएँ। कुनै बेला भगवान् बुद्ध राजगृहमा गृध्रकूट पर्वतमा रहनुभएको थियो। त्यसै बेला मगधका राजा, वैदेही (विदेह देशकी=मिथिला देशकी)का छोरा अजातशत्रुले वृजिकहरूउपर आक्रमण गर्ने विचार गरे।

अनि अजातशत्रुले आफ्ना प्रधानमन्त्री वर्षकार ब्राह्मणलाई बोलाएर भने– म यी धनी तथा प्रभावशाली वृजिकहरूको जरो नखनी छोड्दिनँ; तिमी भगवान् बुद्धकहाँ जाऊ; मेरो वचनले उहाँका पाउमा मेरो प्रणाम छ भन र वृजिकहरूको उपर आक्रमण गर्ने मेरो विचार उहाँलाई सुनाऊ; यस विषयमा उहाँले जे भन्नुहुन्छ, त्यो कुरा मलाई सुनाउन आऊ; तथागत कूटो बोल्नुहुँदैन।

अनि वर्षकार ब्राह्मण असल सवारीमा चढी राजगृहबाट निस्की गृध्रकूट पर्वततिर लागे। सवारी जाने ठाउँसम्म सवारीमा गई त्यसपछि सवारीबाट ओर्ली पैदल नै भगवान् बुद्ध हुनुभएतिर गए। भगवान् बुद्धको नजीक गई उहाँसँग भलाकुसारी गरी एक छिन एक छेउमा बसी वर्षकार ब्राह्मणले राजा अजातशत्रुले भनेका कुरा भगवान् बुद्धलाई सुनाए।

त्यस बेला भगवान् बुद्धको पछिल्तिर बसी आनन्द उहाँलाई पङ्खा हम्किरहेका थिए। अनि भगवान् बुद्धले आनन्दलाई भन्नुभयो–

वृजिकहरू एकै ठाउँमा भेला हुन्छन्।

वृजिकहरू बराबर एकै ठाउँमा भेला हुँदा सबै जना आउँछन्, सबै जना मिली उद्योग गर्छन्, आफ्ना गर्नुपर्ने कामकुरा सबै जना मिली गर्छन्।

वृजिकहरू नयाँ नियम चलाउँदैनन्, चलेका नियम तोड्दैनन्, पहिलेदेखि चलेर आएका नियममा रहन्छन्।

वृजिकहरू आफ्ना बूढापाकाको मान गर्छन्, तिनीहरूले भनेका मान्न लायक कुरा मान्छन्।

वृजिकहरू कुलस्त्री कुलकुमारीहरूलाई बलजफती उडाएर ल्याँदैनन्।

वृजिकहरू किल्लाभित्रका र बाहिरका आफ्ना चैत्य (मन्दिर)मा पूजा गर्छन्, ती चैत्यलाई चढाइसकेका गूठी मास्दैनन्।

नआएका महात्माहरू आफ्नो राज्यमा आऊन्, आएका सुखपूर्वक रहून् भनी वृजिकहरू ख्याल राख्छन्।

हे आनन्द! यी कुरा तिमीले सुनेका छौ?

आनन्दले भने– हजुर, मैले सुनेको छु।

अनि भगवान् बुद्धले भन्नुभयो– जबसम्म वृजिकहरूले यी कुराको पालना गर्नेछन्, तबसम्म वृजिकहरूको कल्याण नै हुनेछ, हानि हुनेछैन।

अनि भगवान् बुद्धले वर्षकार ब्राह्मणलाई भन्नुभयो– हे ब्राह्मण! कुनै बेला म वैशालीमा सारन्दद चैत्यमा बसेको थिएँ; त्यहाँ मैले वृजिकहरूलाई यी सात अपरिहाणीय धर्म (छोड्न नहुने नियम) बताएको थिएँ; जबसम्म वृजिकहरू यी सात अपरिहाणीय धर्ममा रहनेछन्, तबसम्म तिनीहरूको कल्याण नै हुनेछ, हानि हुनेछैन।

अनि वर्षकार ब्राह्मणले भगवान् बुद्धलाई भने– यी सात कुरामा एउटा कुराले पनि वृजिकहरूको कल्याण नै हुन्छ, हानि हुँदैन भने यी सातै कुराले त के भन्नुपर्‍यो र? त्यसो भए हाम्रा राजा अजातशत्रुले यी वृजिकहरूलाई हात लिने वा तिनीहरूलाई परस्परमा फुटाउने काम नगरी लडाईंको कुरै नउठाए पनि भयो; हे गौतम! मेरो धेरै काम छ, अब म बिदा हुन्छु।

हुन्छ भनी भगवान् बुद्धले भन्नुभएपछि वर्षकार ब्राह्मण उठेर गए।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेपाली पद्य

पाँचौं विक्रमपूर्वको शतकका केही कुरा सूचन
पालीवाङ्मय गर्दछन् सुगतका गर्दा कथा वर्णन ।
पढ्ने पूर्वकथा मलाइ मनमा चौचौ निकै लाग्दछ,
त्यो चौचौ पनि दीर्घकालिक हुँदा यो लेख भै आउँछ ।।१।।

वि. सं. २०४१।२।१९।६

प्रसिद्ध बुद्धकालका अजातशत्रुनामका ।
जिगीषु भूपका कथा सुनिन्छ क्यै यताउता ।।२।।

मगध राज्य थियो त्यस कालमा कथित भूपति नाथ थिए त्यहाँ ।
सँगसँगै त्यसको त छिमेकमा वृजिकसङ्घ थियो नजदीकमा ।।३।।

वृजिकसङ्घ मिलीकन बस्तथ्यो, श्रम गरीकन माम कमाउँथ्यो ।
श्रम र मेल दुवै उसका थिए, धन र मान दुवै तिनले दिए ।।४।।

वृजिहरू जति उन्नति गर्दथे, रिपुहरू उनका त्यति जल्दथे ।
मगधराज थिए द्विषदग्रणी, समरतर्फ तिनो कसिए पनि ।।५।।

मगधमै त्यस ताक तथागत पनि थिए निजशिष्यसमन्वित ।
नृपतिपूजितपाद उनी थिए, वय असी जतिका अहिले थिए ।।६।।

वृजिकलाइ सखाप गराउन म सकुंला कुन जुक्ति गरीकन ।
यति कुरा मगधेश बिचार्दथे, विविध तर्कवितर्क उठाउँथे ।।७।।

विजय हुन्छ कि हुन्छ पराजय, समरमा दुइटै हुन सक्तछ ।
विजय भो त भने मनका कुरा सकल पूर्ण गरी म रमाउँला ।।८।।

समरमा यदि हार भयो भने रिपु हुनेछ खुशीसँग गर्जने ।
मसँगका धनमान बिलाउनन्, मकन धेर मनुष्य गिजाउनन् ।।९।।

त्यसनिमित्त सबैतिर दृष्टि दी समरको पनि पूर्ण गरी विधि ।
सब विचार गरेर शुभाशुभ समरतर्फ बढे छ हुने शुभ ।।१०।।

वचनसिद्ध प्रसिद्ध यतीश्वर श्रमण गौतमको छ बडो यश ।
विधि हुँदा अनुकूल समीपमा श्रमण गौतम छन् अहिले यहाँ ।।११।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वृजिकसङ्घ विनाश गराउन समय यो छ कि छैन भनीकन ।
श्रमण गौतमको लिनु मन्त्रणा समययोग्य हुनेछ नि साधना ।।१२।।
यति विचार गरे मगधेशले, अनि विचार तथागतको लिने ।
चतुर मानिस को छ भनी गुने, निज अमात्यकनै त्यसमा चुने ।।१३।।
पूर्वोक्त पृथ्वीपतिका प्रधानमन्त्री थिए ब्राह्मण वर्षकार ।
पाएर आज्ञा निज भूपबाट मन्त्री गए गौतमको समीप ।।१४।।

वर्षकार —

प्रधानमन्त्री मगधेशको हुँ, हजूरको दर्शन भो, खुशी छु ।
सन्देश आफ्ना नृपको लिएर आईरहेको छु हजूरनेर ।।१५।।

पाउमा हजुरको निज माथ राख्नुहुन्छ मगधक्षितिनाथ ।
भन्नुहुन्छ, अनि होस् प्रभुलाई देहमा र मनमा पनि शान्ति ।।१६।।

बुद्धलाइ यति बात सुनाई मौनले अलिक काल बिताई ।
त्यो भने अनि तथागतलाई, मन्त्रिमुख्य खटिए जसलाई ।।१७।।
सुनेर यो बात गमेर क्यै क्षण स्वशिष्यको साथ कुरा गरीकन ।
घुमाउरो मार्ग गरी तथागत दिँदा भए ब्राह्मणलाई उत्तर ।।१८।।

१

बुद्ध —

सभा सबै नै वृजिको छ एउटा, बराबरी बस्तछ त्यो सभा तथा ।
आनन्द तिम्रो यति कर्णगोचर भईरहेको छ कि चित्तमा स्थिर ।।१९।।

आनन्द —

सभा सबै नै वृजिको छ एउटा, बराबरी बस्तछ त्यो सभा तथा ।
भन्ने सुनेथें भगवन् अगाडि यो, छँदैछ मेरो मनभित्र सो कुरो ।।२०।।

बुद्ध —

सभा सबै नै वृजिको छ एउटा, बराबरी बस्तछ त्यो सभा तथा ।
यस्तो व्यवस्था वृजिले जहाँतक, मानीरहन्छन् उनको त्यहाँतक ।।२१।।
बढ्ती हुँदै जान्छ, हुँदैन दुर्गति, आनन्द तिम्रो मनमा रहोस् यति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

२

बुद्ध —
सभा हुँदामा वृजिसङ्घको वृजि समग्र प्राप्तव्यवहार भेलिई ।।२२।।
सुन्छन् र बुझ्छन्, अनि गर्दछन् पनि स्वसङ्घका काम सबै मिलीजुली ।
आनन्द तिम्रो यति कर्णगोचर भईरहेको छ कि चित्तमा स्थिर ।।२३।।

आनन्द —
सभा हुँदामा वृजिसङ्घको वृजि समग्र प्राप्तव्यवहार भेलिई ।
सुन्छन् र बुझ्छन्, अनि गर्दछन् पनि स्वसङ्घका काम सबै मिलीजुली ।।२४।।
भन्ने सुनेथें भगवन् अगाडि यो, छँदैछ मेरो मनभित्र सो कुरो ।

बुद्ध —
सभा हुँदामा वृजिसङ्घको वृजि समग्र प्राप्तव्यवहार भेलिई ।।२५।।
सुन्छन् र बुझ्छन्, अनि गर्दछन् पनि स्वसङ्घका काम सबै मिलीजुली ।
यस्तो व्यवस्था वृजिले जहाँतक मानीरहन्छन् उनको त्यहाँतक ।।२६।।
बढ्ती हुँदै जान्छ, हुँदैन दुर्गति, आनन्द तिम्रो मनमा रहोस् यति ।

३

बुद्ध —
मानीरहेको सबले छ जो स्थिति, छोडेर त्यल्लाइ यथेच्छको स्थिति ।।२७।।
चलाउँदैनन्, अघिदेखिकै स्थिति मानेर गर्छन् वृजि कामकाज ती ।
आनन्द तिम्रो यति कर्णगोचर भईरहेको छ कि चित्तमा स्थिर ।।२८।।

आनन्द —
मानीरहेको सबले छ जो स्थिति, छोडेर त्यल्लाइ यथेच्छको स्थिति ।
चलाउँदैनन्, अघिदेखिकै स्थिति मानेर गर्छन् वृजि कामकाज ती ।।२९।।
भन्ने सुनेथें भगवन् अगाडि यो, छँदैछ मेरो मनभित्र सो कुरो ।

बुद्ध —
मानीरहेको सबले छ जो स्थिति, छोडेर त्यल्लाइ यथेच्छको स्थिति ।।३०।।
चलाउँदैनन्, अगिदेखिकै स्थिति मानेर गर्छन् वृजि कामकाज ती ।
यस्तो व्यवस्था वृजिले जहाँतक मानीरहन्छन् उनको त्यहाँतक ।।३१।।
बढ्ती हुँदै जान्छ, हुँदैन दुर्गति, आनन्द तिमो मनमा रहोस् यति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

४

बुद्ध —

स्वसङ्घका वृद्ध मनुष्यका वृजि गर्छन् सधैं आदरभाउ राम्ररी ।।३२।।
स्वसङ्घका वृद्ध मनुष्यका कुरा सुन्छन् र मान्छन् पनि योग्य ती कुरा ।
आनन्द तिम्रो यति कर्णगोचर भईरहेको छ कि चित्तमा स्थिर ।।३३।।

आनन्द —

स्वसङ्घका वृद्ध मनुष्यका वृजि गर्छन् सधैं आदरभाउ राम्ररी ।
स्वसङ्घका वृद्ध मनुष्यका कुरा सुन्छन् र मान्छन् पनि योग्य ती कुरा ।।३४।।
भन्ने सुनेथें भगवन् अगाडि यो, छँदैछ मेरो मनभित्र सो कुरो ।

बुद्ध —

स्वसङ्घका वृद्ध मनुष्यका वृजि गर्छन् सधैं आदरभाउ राम्ररी ।।३५।।
स्वसङ्घका वृद्ध मनुष्यका कुरा सुन्छन् र मान्छन् पनि योग्य ती कुरा ।
यस्तो व्यवस्था वृजिले जहाँतक मानीरहन्छन् उनको त्यहाँतक ।।३६।।
बढ्ती हुँदै जान्छ, हुँदैन दुर्गति, आनन्द तिम्रो मनमा रहोस् यति ।

५

बुद्ध —

होऊन् कुमारी अथवा विवाहिता, जो छन् कुलस्त्रीजन दृष्टि दी त्यता ।।३७।।
हर्ने र राख्ने बलले तिनीकन हुँदैन कैल्यै वृजिवर्ग्यको मन ।
आनन्द तिम्रो यति कर्णगोचर भईरहेको छ कि चित्तमा स्थिर ।।३८।।

आनन्द —

होऊन् कुमारी अथवा विवाहिता, जो छन् कुलस्त्रीजन दृष्टि दी त्यता ।
हर्ने र राख्ने बलले तिनीकन हुँदैन कैल्यै वृजिवर्ग्यको मन ।।३९।।
भन्ने सुनेथें भगवन् अगाडि यो, छँदैछ मेरो मनभित्र सो कुरो ।

बुद्ध —

होऊन् कुमारी अथवा विवाहिता, जो छन् कुलस्त्रीजन दृष्टि दी त्यता ।।४०।।
हर्ने र राख्ने बलले तिनीकन हुँदैन कैल्यै वृजिवर्ग्यको मन ।
यस्तो व्यवस्था वृजिले जहाँतक मानीरहन्छन् उनको त्यहाँतक ।।४१।।
बढ्ती हुँदै जान्छ, हुँदैन दुर्गति, आनन्द तिम्रो मनमा रहोस् यति ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

६

बुद्ध —

हुन् दुर्गको भित्र कि दुर्गबाहिर जो अग्निशाला, जुन चैत्य, मन्दिर ।।४२।।
पर्छन् भने ती वृजिराज्यभित्रमा पाईरहन्छन् वृजिबाट अर्चना ।
धर्मक्रियालाइ चलाउनाकन गूठीहरू छन् वृजिराज्यमा जुन ।।४३।।
चल्छन् सबै ती, तिनको विनाशमा बन्दैन कैल्यै वृजिबाट योजना ।
आनन्द तिम्रो यति कर्णगोचर भईरहेको छ कि चित्तमा स्थिर ।।४४।।

आनन्द —

हुन् दुर्गको भित्र कि दुर्गबाहिर जो अग्निशाला, जुन चैत्य, मन्दिर ।
पर्छन् भने ती वृजिराज्यभित्रमा पाईरहन्छन् वृजिबाट अर्चना ।।४५।।
धर्मक्रियालाइ चलाउनाकन गूठीहरू छन् वृजिराज्यमा जुन ।
चल्छन् सबै ती, तिनको विनाशमा बन्दैन कैल्यै वृजिबाट योजना ।।४६।।
भन्ने सुनेथें भगवन् अगाडि यो, छँदैछ मेरो मनभित्र सो कुरो ।

बुद्ध —

हुन् दुर्गको भित्र कि दुर्गबाहिर जो अग्निशाला, जुन चैत्य, मन्दिर ।।४७।।
पर्छन् भने ती वृजिराज्यभित्रमा पाईरहन्छन् वृजिबाट अर्चना ।
धर्मक्रियालाइ चलाउनाकन गूठीहरू छन् वृजिराज्यमा जुन ।।४८।।
चल्छन्, सबै ती तिनको विनाशमा बन्दैन कैल्यै वृजिबाट योजना ।
यस्तो व्यवस्था वृजिले जहाँतक मानीरहन्छन् उनको त्यहाँतक ।।४९।।
बढ्ती हुदै जान्छ, हुँदैन दुर्गति, आनन्द तिम्रो मनमा रहोस् यति ।

७

बुद्ध —

जोगी महात्माहरु यी बसून् यहीं, आऊन् तथा ती परदेशका पनि ।।५०।।
यो भाव राखी वृजिसङ्घ आदर जोगी महात्माहरुलाइ गर्दछ ।
आनन्द तिम्रो यति कर्णगोचर भईरहेको छ कि चित्तमा स्थिर ।।५१।।

आनन्द —

जोगी महात्माहरु यी बसून् यहीं, आऊन् तथा ती परदेशका पनि ।
यो भाव राखी वृजिसङ्घ आदर योगी महात्माहरुलाइ गर्दछ ।।५२।।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

भन्ने सुनेथें भगवन् अगाडि यो, छँदैछ मेरो मनभित्र सो कुरो ।
बुद्ध —
जोगी महात्माहरु यी बसून् यहीं, आऊन् तथा ती परदेशका पनि ।।५३।।
यो भाव राखी वृजिसङ्घ आदर जोगी महात्माहरुलाइ गर्दछ ।
यस्तो व्यवस्था वृजिले जहाँतक मानोरहन्छन् उनको त्यहाँतक ।।५४।।
बढ्तो हुँदै जान्छ, हुँदैन दुर्गति, आनन्द तिम्रो मनमा रहोस् यति ।
स्वशिष्यको साथ कुरा गरी यति बोले मुनि ब्राह्मणतर्फ दृष्टि दो ।।५५।।

वैशालीमा अलिक दिनको बास मेरो परेथ्यो,
त्यै वेलामा वृजिकसँगमा सङ्ग मेरो भएथ्यो ।
यो सातौटै स्थिति वृजिहरू मान्दछन् होशसाथ,
भन्ने देखें, अनिपछि गुनें, यी रहेछन् अजय्य ।।५६।।

यस्ता कुरा गौतमको सुनीकन कर्तव्य आफ्नो मनमा गुनीकन ।
प्रधानमन्त्री मगधाधिपालका भन्दा भए गौतमलाइ यी कुरा ।।५७।।
हजूरले जो उपदेश गर्नुभो, मलाइ त्यल्ले कृतकृत्य पार्दियो ।
ती सातमध्ये पनि एउटातक अजय्यताको हुन सक्छ कारण ।।५८।।
सातै कुरा यी वृजिमा रहेतक पुग्दैन हाम्रा नृपको मनोरथ ।
तसर्थ त्यो सङ्घ फुटाउनाकन खोज्नंपऱ्यो क्यै उपयुक्त साधन ।।५९।।
धेरै हुँदा काम मलाइ बोझ छ, बिदा म पाऊँ, रति छैन फुर्सद ।
यस्तो भनी नम्र भई बिदा भई जाँदा भए मागध मन्त्रिवर्य तो ।।६०।।

वि. सं. २०४१।६।२।३

CC-0. Nepal Sanskrit Academy, Kathmandu

हीरहडगल्लिको ताम्पत्रको अट्ठारसजाति के अठाह्र जात हो ?

—महेशराज पन्त

थानकोट आदिनारायणस्थानमा वसन्तदेवको (शक)संवत् ४२८ अर्थात् वि. सं. ५६३ मार्गशुक्लप्रतिपदाको शिलापत्र छ । त्यस शिलापत्रमा शिरवेहोरामा अष्टादशप्रकृतिको पनि चर्चा आएको छ—

> ॐ स्वस्ति मानगृहा[त्परमदैवतबप्प]भट्टारकमहाराजश्रीपादा[नुद्ध्यातः श्रुतनयद]यादानदाक्षिण्यपुण्यप्र-[तापविकसितसित]कीर्तिभट्टारकमहाराजश्री[वसन्तदेवः कु]शली जयपल्लिकाग्रामे नि[वासोपग]तान् ब्राह्मणपुरस्सरान् ब्रंह्य शुल्ह्य तेपुल... प्रधानान्ग्रामकुटुम्बिनः साष्टादशप्रकृतीन् कु[शलम्पृ]ष्ट्वा समाज्ञापयति[1]

यहाँ चर्चा भएको अष्टादशप्रकृतिको विषयमा श्रीहरिराम जोशी यस्तो लेख्नुहुन्छ—

> प्रस्तुत अभिलेख उत्तरप्राचीनकालीन जातपातबारे थाहा लिने महत्त्वपूर्ण सामग्रीको रूपमा रहेको छ । यसमा "जयपल्लिकाग्रामे [निवासोपग]तान् ब्राह्मणपुरस्सरान्ब्रंङब्रंशुल्मुंतेपुल ··· ··· प्रधानान्ग्राम-कुटुम्बिनः साष्टादशप्रकृतीन्कुश[लं पृ]ष्ट्वा समाज्ञापयति··· ··· ··· ···" भनी राजाज्ञा जारि गरिएको छ जसले तत्समय यहाँ अठाह्र जातका मानिसहरूको बसोबास रहेको कुराको पत्तो हुन्छ । अनुमानित चारौं शताब्दी ई. को हिरहडगल्ली ताम्रलेखले पनि मानिसहरूको अठाह्र जातको अस्तित्वतिर औंल्याएको छ ।
>
> "··· ··· ··· अ-हरितक-साक-पुफ-गहणं एवमादीकेहि अठ्ठारस-जाति-परिहारेहि विसयवासीहि अपिट्टी-वासीहि चिल्लेरककोडुंक-वासीहि च परिहरितवं हरिहापेतव्व च त्ति (।)"[1]
>
> — हिरहडगल्ली ताम्रलेख, अनुमानित चारौं शताब्दी ई.
>
> १. हेर्नोस्–डि. सि. सरकार द्वारा संपादित "सेलेक्ट इन्स्क्रिप्सन्स" कलकत्ता विश्वविद्यालय, १९६५ ई. पृ. ४६४
>
> यसको अतिरिक्त कुमाउंका राजा ललितशूरको अभिलेखमा पनि अष्टादश प्रकृति (जाति विशेष) बारे वर्णन गरिएको छ ।
>
> " ··· ···अष्टादशप्रकृत्यधिष्ठानीयान् खशकिरातद्रविडकलिङ्गगौडहूणोड्रमेदान्ध्रचाण्डालपर्यन्तान् सर्व-

---

१. वि. सं. २०३० मा काठमाडौं बाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अध्ययनसंस्थानद्वारा प्रकाशित, धनवज्र वज्राचार्यको *लिच्छविकालका अभिलेख*को ९१ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सम्बासान् समस्तजानपदान् ... ... समाज्ञापयति"२

—ललितशूरका ताम्रलेख, दशौं शताब्दी ई.

२. हेर्नोस्— श्रीराहुल सांकृत्यायनकृत "कुमाऊँ", वि. सं. २०१५, पृ. ४०

यसरी उत्तरप्राचीन नेपालमा अठाह्र जातका मानिसहरूको बसोवास रहेको कुरा निर्णित हुन्छ ।२

वसन्तदेवको माथि उद्धरण गरिएको शिलापत्रमा अष्टादशप्रकृति भन्ने जुन शब्द आएको छ, त्यसको वास्तव अर्थ के हो भन्ने विषयमा पछि कुनै बेला विचार गरुँला । त्यस्तै ललितशूरको अभिलेखमा आएको अष्टादशप्रकृतिको अर्थ के हो भन्ने विषयमा पनि पछि नै विचार गरुँला । यसैले अहिले यहाँ खालि हिरहडगल्ली ताम्रलेखको विषयमा मात्र विचार गरिन्छ ।

श्रीहरिराम जोशीले अष्टादशप्रकृतिको प्रसङ्गमा हिरहडगल्ली ताम्रलेख भनी जुन ताम्रपत्रको चर्चा गर्नुभएको हो, त्यो मैसूरमा बेल्लारी जिल्लामा हीरहडगल्लि भन्ने ठाउँमा छ । त्यो ताम्रपत्र सबभन्दा पहिले वि. सं. १९४८ मा *एपिग्राफिया इन्डिका* (भारतीय अभिलेख–सङ्ग्रह)को पहिलो भागका २–१० पृष्ठमा गेओर्ग ब्यूलरले छपाएका हुन् । *ए प्राकृत् ग्रान्ट् अफ् द पल्लव किङ् शिवस्कन्दवर्मन्* (पल्लव राजा शिवस्कन्दवर्माको प्राकृतमा लेखिएको दानपत्र) भन्ने शीर्षक हाली ब्यूलरले अङ्ग्रेजीमा उल्था र व्याख्या गरी त्यो ताम्रपत्र छपाएपछि वि. सं. १९५१ मा *एपिग्राफिया इन्डिका*कै दोस्रो भागका ४८३–४८५ पृष्ठमा एन्स्र्ट लोइमनले *ए नोट् अन् द प्राकृत् ग्रान्ट् अफ् द पल्लव किङ् शिवस्कन्दवर्मन्* (पल्लव राजा शिवस्कन्दवर्माको प्राकृतमा लेखिएको दानपत्रको विषयमा टिप्पणी) भन्ने लेखमा ब्यूलरले पाठ पढ्दा र उल्था गर्दा बिगारेका जति सच्याएर छपाए। *एपिग्राफिया इन्डिका*को त्यही भागमा लोइमनको लेखको लगत्तै अर्थात् ४८५–४८६ पृष्ठमा *सम् फरदर नोट्स् अन् द ग्रान्ट् अफ् शिवस्कन्दवर्मन्* (शिवस्कन्दवर्माको दानपत्रको विषयमा केही थप कुरा) भन्ने ब्यूलरको लेख छापिएको छ । त्यहाँ उनले लोइमनका कुरा आफ्नो मनले खाएको जति स्वीकार गरेका छन्, नखाएको जतिमा यति यति कारणले चित्त बुझेन भनी लेखेका छन् ।

केही बाहुनहरूलाई पहिलेका राजाले दिएका जग्गाजमीन थामी काञ्चीका राजा शिवस्कन्दवर्माले आफ्नो तर्फबाट पनि केही थपी यो ताम्रपत्र गरिदिएका हुन् । यस ताम्रपत्रको श्रीहरिराम जोशीले उद्धरण गर्नुभएको अंशसँग सम्बद्ध पूरा प्रकरण यस प्रकारको छ—

अकूरयोल्लकविनेसिखट्टावासं अदूधदधिगहणं अरट्ठसंविनयिकं अलोणगुलच्छोभं अकरवेट्ठिकोंजल्लं अपारंपरबलिवद्दगहणं अतणकट्ठगहणं अहरितकसाकपुफगहणं एवमादीकेहि अट्ठारसजातिपरिहारेहि विसयवासीहि अपिट्टीवासीहि चिल्लेरेककोडुंकवासीहि च परिहरितवं परिहापेतव्व च त्ति३

प्राकृतमा लेखिएको यस अभिलेखको संस्कृतच्छाया श्रीदीनेशचन्द्र सरकारले प्रकाश गर्नुभएको छ । यस

---

२. वि. सं २०३० मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित, हरिराम जोशीको *नेपालको प्राचीन अभिलेख*को ८२ पृष्ठ ।

३. वि. सं. १९४८ मा कलकत्ताबाट प्रकाशित *एपिग्राफिया इन्डिका*को पहिलो भागको ६ पृष्ठ ।

वि. सं. १९९९ मा कलकत्ताबाट कलकत्ताविश्वविद्यालयद्वारा प्रकाशित, दीनेशचन्द्र सरकारको *सिलेक्ट् इन्स्क्रिप्शन्ज्* (छनौट अभिलेख)को पहिलो भागका ४३९–४४० पृष्ठ ।

ब्यूलरको अकर पाठको सट्टा सरकारको अकूर पाठ र सरकारको हरिहापेतव्व पाठको सट्टा ब्यूलरको परिहापेतव्व पाठ यहाँ स्वीकारिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अंशको उहाँले बनाउनुभएको संस्कृतच्छाया यस प्रकारको छ–

अ–कूर–चुल्लकी–विनाशि–खट्वावासम् (=अभक्तस्थालीन्धन०), अ–दुग्धदधि–ग्रहणम्, अ–राष्ट्र–सांविनयिकम्, अ–लवणगुड–क्षोभम्, अ–करविष्टिकौञ्जल्यम्, अ–परम्परावलीवर्द्द–ग्रहणम्, अ–तृण–काष्ठ–ग्रहणम्, अ–हरितकशाकपुष्प–ग्रहणम्– एवमादिकैः अष्टादशजातिपरिहारैः (=सर्वजाति०) विषयवासिभिः आपिट्टिवासिभिः चिल्लरेक–कोडुंक–वासिभिः च परिहर्त्तव्यं परिहारयितव्यं च इति ।[४]

यस अंशको ब्यूलरले गरेको उल्था यस प्रकारको छ–

दिस्··· (इज् टु बी) फ्री फ्रम् ट्याक्सइज् ... ..., फ्री फ्रम् द टेक्इङ अफ् स्वीट् यान्ड् साउर् मिल्क,... ... ...फ्री फ्रम् ट्रबल्ज् अबाउट् सल्ट् यान्ड् शुगअर्, फ्री फ्रम् ट्याक्सइज, फोर्स्ड् लेबर् ... ..., फ्री फ्रम् द टेक्इङ अफ् दि अक्सन् इन् सक्सेशअन्, फ्री फ्रम् द टेक्इङ अफ् ग्रास् यान्ड् वुड्, फ्री फ्रम् द टेक्इङ अफ् भेजइटब्ल्ज् यान्ड् फ्लाउअर्ज् ; विथ् दीज् यान्ड् अद्अर्ज् इम्यूनिटिज् अफ् दि एटीन् काइन्ड्ज् इट् मस्ट् बी इग्जेम्प्टइड् यान्ड् कुड् टु बी एग्जेम्प्टइड् बाइ दि इनह्याब-इटयान्ट्स् अफ् द प्रभ्इन्स्, वाइ दि इनह्याबइटयान्ट्स् अफ् आपिट्टी यान्ड् बाइ दि इनह्याबइटयान्ट्स् अफ् चिल्लेरेककोडुंक ।[५]

यस अंशको प्राकृत मूल, संस्कृतच्छाया र अङ्ग्रेजी उल्थामध्ये जे पढे पनि अठाह्र प्रकारका छूट दिइएको कुरा नबुझिने होइन । जरूर यहाँ अठाह्र थरी छूटको नाउँ भने लिइएको छैन । केही छूटको नाउँ किटी एवमादीकेहि अट्ठारसजातिपरिहारेहि (एवमादिकैः अष्टादशजातिपरिहारैः) अर्थात् इत्यादि अठाह्र थरी छोड्नाले भनी यहाँ लेखिएको छ । दूध र दही नलिने भन्न अदूधदधिगहणं (अदुग्धदधिग्रहणं) भनेर यहाँ लेखिएको छ । त्यस्तै घाँस काठ नलिने भनी बुझाउन अतणकट्ठगहणं (अतृणकाष्ठग्रहणं) भनी यस ताम्रपत्रमा लेखिएको छ । यसै गरी, हरिया सागपात फूल नलिने भन्न अहरितकसाकपुफगहणं (अहरितकशाकपुष्पग्रहणं) भनी यहाँ लेखिएको छ ।

सरकारी कर्मचारी गाउँतिर जाँदा त्यहाँको कटुवालले तिनीहरूलाई रसद जुटाइदिनुपर्ने चलन अकसम्म पनि कहीं कहीं हाम्रो मुलुकमा छँदैछ। त्यसरी रसद जुटाउँदा कटुवालले त्यहाँका रैतीहरूका घरघरबाट रसद जम्मा गरी ती कर्मचारीलाई दिने गर्नुपर्छ । यस्तो चलन भारतमा अङ्ग्रेजी राज भइसकेपछि पनि धेरै देशी राज्यहरूमा थियो भन्ने कुरा ब्यूलरले यस ताम्रपत्रको व्याख्यामा लेखेकोबाट पनि बुझिन्छ[६]। यताबाट थरी थरीका छूट दिई जग्गा दान दिएको कुरा स्पष्ट हुन आएको छ।

अठाह्र थरी छूट दिइएको छ भनी यस ताम्रपत्रमा लेखिए तापनि नाउँचाहिं आठ थरीको मात्र किटिएकोले बाँकी दश थरी के के हुन् त भन्ने प्रश्न यहाँनिर उठ्न सक्छ ।

---

४. *सिलेक्ट् इन्स्क्रिप्शन्ज्*को पहिलो भागको ४४२ पृष्ठ ।

५. *एप्इग्राफ्इया इन्डिका*को पहिलो भागका ८ – ९ पृष्ठ ।

६. मिल्क्, ग्रास्, फाइरवुड्, भेज्इटब्ल्ज्, यान्ड् सो फोर्थ् ह्याड् टु बी फर्निश्ड् ग्रेटिस् बाइ द भिल्इजर्ज् टु रइअल् अफ्इसअर्ज् यान्ड् देर् सर्भन्ट्स् । द कस्टम् स्टिल् प्रिभेल्ज् इन् मेन्इ नेटिभ् स्टेट्स् ।

(*एप्इग्राफ्इया इन्डिका*को १ भागको ८ पृष्ठबाट)

[दूध, घाँस, दाउरा, तरकारी र अरू थोक गाउँलेहरूले राजाका कर्मचारीहरूलाई र तिनीहरूका नोकरचाकर-हरूलाई पैसै नलिएर जुटाइदिनुपर्थ्यो । यो चलन अझै धेरै देशी राज्यहरूमा छ ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यिनै शिवस्कन्दवर्मा युवराज छँदाको ताम्रपत्र आन्ध्रप्रदेशको गुण्टर जिल्लाको नरसरावुपेट तालुकको मयिदवोलु भन्ने ठाउँमा पाइएको छ। त्यो ताम्रपत्र दुइ जना बाहुनलाई जग्गा दिई गरिदिएको हो। त्यहाँ पनि यस्तै यस्तै खालका छूट दिएको बयान परेको छ—

> एतस गामस विरिपरस सवबम्हदेयप[रिहा]रो वितराम अलोन[ख]ादकं अरठसं[वि]-नायिकं अपरंपराबलीव[दं] अभडपपेसं अकूरचोलकविनासिखट[ा]संवासं एतेहि अनेहि च सव-वम्हदेयमजादाय सवपरिहारेहि परिहारितो७

श्रीदीनेशचन्द्र सरकारले बनाउनुभएको यसको संस्कृतच्छाया यस्तो छ –

> एतस्य ग्रामस्य विरिपरस्य सर्व–ब्रह्मदेय–परिहारं वितरामः— अ–लवण–खातकम्, अ–राष्ट्रसां-विनयिकम्, अ–परम्पराबलीवर्द्दम् (=° बलीवर्दग्रहणम्) अ–भट–प्रवेशम्, अ–कूर–चुल्लकी–विनाशि–खट्वा–संवासं (= भक्तस्थालीन्धनखट्वावासादीनां परिहारम्) । एतैः अन्यैः च सर्व-ब्रह्मदेय– मर्यादया (=° नियमानुसारेण) सर्वपरिहारैः परिहारित ः।८

हीरहडगल्लिको ताम्रपत्रमा आठ थरी छूटको नाउँ लिइएकोमा यसमा भने पाँच थरी छूटको मात्र नाउँ किटिएको छ। तिनमा हीरहडगल्लिको ताम्रपत्रमा सबभन्दा पहिले जुन छूटको नाउँ लिइएको छ, त्यो छूट यस ताम्रपत्रमा सबभन्दा पछि राखिएको छ। त्यस्तै हीरहडगल्लिको ताम्रपत्रमा तीन सङ्ख्यामा परेको छूट यस ताम्रपत्रमा दुइ सङ्ख्यामा परेको छ। हीरहडगल्लिको ताम्रपत्रमा चार सङ्ख्याको छूट गरी अलोणगुलच्छोभं [अलवणगुड क्षोभं]; अर्थात् नून र सखरमा हात नहाल्ने भनी लेखिएको छ भने यस ताम्रपत्रमा चाहिँ अलोनखादकं [अलवणखातकं] भनी लेखिएको छ। यताबाट नूनको खानी त्यस जग्गामा पाइए पनि सरकारले हात नहाल्ने भन्ने बुझिन्छ। हीरहडगल्लि-को ताम्रपत्रको ६ सङ्ख्याको छूट यसमा ३ सङ्ख्याको भएर देखा परेको छ। यस दानपत्रमा हीरहडगल्लिकोमा परेका दुइ, पाँच, सात र आठ सङ्ख्याका छूटको नाउँ छुटाइएका छन् भने अभडपपेसं (अभटप्रवेशं) अर्थात् सिपाही पस्न नपाउने गरी निगाह गरिएको थप कुरा लेखिएको छ।

अघिल्लो ताम्रपत्रमा अठाह्र थरी छूट दिइएको भनी लेखेर आठ थरी छूटको नाउँ किटिएकोमा यसमा भने त्यस्तै त्यस्तै खालका पाँच थरी छूटको नाउँ किटी सवपरिहारेहि (सर्वपरिहारैः) भनी लेखिएको छ।

महाराष्ट्रको अकोला जिल्लाको बासिम भन्ने ठाउँमा वत्सगुल्महाँगाका वाकाटक राजा दोस्रा विन्ध्यशक्तिको ताम्रपत्र पाइएको छ। त्यसबाट पनि हामीलाई केही मदत मिल्ने भएकोले त्यसको केही अंश उतार्नुपरेको छ–

> पुव्वरायाणुमते य से चातुवेज्जगामममज्जाता परिहारे वितराम । तं जथा अरट्ठसंव्विणयिक । अलवणकेण्णखनक। अहिरण्णधाण्णप्पणयप्पदेय। अपुप्फक्खिरग्गहण। अपरम्परगोबलिवद्दं [।] अचार-सिद्धिक । अचम्मङ्गालिक । अभडप्पावेस अखट्टाचोल्लकवेणेसिक। अकरद। अवह। साणिधि। सोपणिधि सकुतुप्पन्त। समव्वमहाकरण। साव्वजातिपरिहारपरिहितश्च [।]९

---

७. *सिलेक्ट् इन्स्क्रिप्शन्ज्*को पहिलो भागका ४३४ – ४३५ पृष्ठ।

८. उही पुस्तकको ४३५ पृष्ठ।

९. वि. सं. २०२० मा ऊटकमन्डबाट आर्कियोलजिकल सर्भे अफ इन्डियाद्वारा प्रकाशित, वासुदेव विष्णु मिराशीको *इन्स्क्रिप्शन्ज् अफ् द वाकाटकज्* [वाकाटकहरूका अभिलेख] अर्थात् *कर्पस् इन्स्क्रिप्टिओनम् इन्डिकारम्* [भारतीय अभिलेखहरूको सङ्ग्रह] को पाँचौं भागका ९७–९८ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

श्रीदीनेशचन्द्र सरकारले बनाउनुभएको यसको संस्कृतच्छाया यस प्रकारको छ–

पूर्वराजानुमतम् अस्य चातुर्वेद्यग्राम–मर्यादापरिहारं (=चतुर्वेदि–ब्राह्मणाधिष्ठित–ग्रामोचित–परिहारं) वितरामः । तद्यथा अ–राष्ट्रसांविनयिकम्, अ–लवण–क्लिन्न–खातकम्, अ–हिरण्य–धान्य[१०]–प्रणय–प्रदेयम्, अपुष्प–क्षीर–ग्रहणम्, अ–परम्परा–गोबलीवर्द्दम्, अ–वार–सिद्धिकम्, अ–चर्माङ्गारकम्, अ–भटप्रवेशम्, अ–खट्वा–चोल्लकवैनाशिकम्, अ–करदम्, अवहम्, स–निधि, सोपनिधि, स–कृतप्रान्तं (?) स–मञ्चमहाकरणं सर्वजाति–परिहार–परिहृतं च ।[१०]

यस ताम्रपत्रमा अघिल्ला दुइ ताम्रपत्रमा परेकाभन्दा बढी छूटका नाउँ किटिएका छन् तापनि नाउँ किटिएका छूटमध्ये केही छूट यी तीनै ताम्रपत्रमा आएको कुरा पनि दाँजेर हेर्दा स्पष्ट देखिन्छ ।

सबभन्दा पहिलो ताम्रपत्रमा आठवटा छूटका नाउँ किटी एवमादीकेहि अट्ठारसजातिपरिहारेहि (एवमादिकैः अष्टादशजातिपरिहारैः) अर्थात् इत्यादि अठाह्र थरी छोड्नाले भन्ने शब्द छ भने दोस्रो ताम्रपत्रमा चाहिँ पाँचवटा मात्र छूटको नाउँ किटी सवपरिहारेहि परिहारितो (सर्वपरिहारैः परिहारितः) अर्थात् सबै छूट दिइएको छ भनी लेखिएको छ । तेस्रोमा चाहिँ पहिलोमा भन्दा पनि बढी छूटको नाउँ किटी साव्वजातिपरिहारपरिहितञ्च (सर्वजातिपरिहारपरिहृतं च) अर्थात् सबै प्रकारको छूट पनि दिइएको छ भनी लेखिएको छ । अघिल्लोमा र सबभन्दा पछिल्लोमा जाति शब्द परेको छ भने बीचकोमा चाहिँ जाति शब्द नभएको कुरा स्मरणीय छ । अघिल्लोमा अठाह्र भन्ने शब्द परेकोमा पछिल्ला दुवै ताम्रपत्रमा भने सबै भन्ने शब्द परेको पनि हामीले ख्याल गर्नुपर्छ ।

यताबाट कहीँ अठाह्र र कहीँ सबै भनी उस्तै उस्तै खालका छूट दिएको देखिएकोले कता कता अठाह्र भनेर सिरीखुरी सबै छूटलाई भनेको त होइन भन्ने कुरा मनमा ख्वास्स लाग्न जान्छ । श्रीदीनेशचन्द्र सरकारले हीरहडगल्लिको ताम्रपत्रको अट्ठारसजातिपरिहारेहिको संस्कृतच्छाया अष्टादशजातिपरिहारैः गरी अर्थ खुलाउन कोष्ठमा सर्वजातिपरिहारैः भनी लेख्नुभएको कुरा माथिको उद्धरणमा परेकै छ । त्यस्तै त्यही अभिलेखको विषयमा अर्कै पुस्तकमा लेख्दा उहाँले द वर्ड् 'एटीन्' इन् दि एक्स्प्रेशन् 'एटीन् काइन्ड्ज् अफ् इग्जेम्प्शन्ज्' रीअल्लि मीन्ज् 'अल्'[११] (अठाह्र थरी छूट भन्ने वाक्यांशमा परेका अठाह्र भन्ने शब्दको वास्तव अर्थ सबै भन्ने हो) भनी लेख्नुभएको छ । यताबाट हाम्रो शङ्का श्रीदीनेशचन्द्र सरकारका वाक्यले पुष्ट पारिदिएका छन् भनी भन्दा बढ्ता बोलेको ठहरिनेछैन ।

भारतीय अभिलेखहरूमा *अष्टादश*ले मात्र होइन, *अष्टादश*को दोबर *षट्त्रिंशत्* र *षट्त्रिंशत्*को दोबर बाहत्तरले पनि सिरीखुरी सबैलाई बुझाउने कुरा श्रीदीनेशचन्द्र सरकारले प्रमाण दिई लेखिसक्नुभएको छ ।[१२] यताबाट हीरहडगल्लिको अभिलेखमा अट्ठारसजातिपरिहार भनी दिइएका जुन छूट छन्, ती छूटले अठाह्र मात्र होइन, सिरीखुरी जम्मै छूटलाई बुझाउँछन् भन्ने कुरा सिद्ध हुन्छ । यही आधार लिएर पश्चिम नेपालका खसहरूका

---

१०. *सिलेक्ट् इन्स्क्रिप्शन्ज़*को पहिलो भागको ४१० पृष्ठ । वि. सं २०२१ मा कलकत्ताबाट कलकत्ता-विश्वविद्यालयद्वारा प्रकाशित यस पुस्तकको दोस्रो संस्करणको ४३४ पृष्ठ । यस पुस्तकका दुवै संस्करणमा धान्यको सट्टा ध्यान्य छापिएको छ ।

११. वि. सं २०२१ मा दिल्ली, वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, दीनेशचन्द्र सरकारको *इन्डिअन् एपिग्राफि* (भारतीय अभिलेखशास्त्र) को ३९१ पृष्ठ ।

१२. वि. सं २०२२ मा दिल्ली, वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, दीनेशचन्द्र सरकारको *इन्डिअन् एपिग्राफिकल ग्लसरि* (भारतीय अभिलेखको अभिधान) का ३१–३२, ४३, ३०६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

अभिलेखहरूमा परेको छत्तीसै करको[१३] अर्थ गर्न बस्यौं भने हामीलाई निकै सजिलो पनछ ।

हीरहडगल्लिको ताम्रपत्रमा श्रीहरिराम जोशीले जाति शब्द देख्नेबित्तिकै जात भन्ने अर्थ गर्न पुग्नुभएकोले यो अनर्थ हुन गएको हो । अ–हरितक–साक–पुफ–गहणं एवमादीकेहि अट्ठारस–जाति–परिहारेहि भन्ने हिरहडगल्लीको ताम्रपत्रको अंश उद्धरण गर्दा उहाँले अ–हरितक–साक–पुफ–गहणंको अर्थ मात्र विचार गर्नुभएको भए पनि यस्तो गलती हुने थिएन । जातिको अर्थ वर्णव्यवस्थाअनुसारको जात मात्र होइन, किसम पनि हुन्छ भन्ने कुरा जान्न संस्कृत प्राकृत पढ्नुपर्दैन । बोलीचालीमा पनि कुनै चीचबीजको प्रसङ्गमा यो कुन जातको हो भनी जात शब्द प्रयोग हुने गरेको कुरा यहाँनिर श्रीहरिराम जोशीले सम्झिदिनुपरेको छ ।

अष्टादश तीर्थको नाउँ के रघुवंशमा किटिएका छन् ?

–महेशराज पन्त

वसन्तदेवको थानकोटको अभिलेखमा परेको अष्टादशप्रकृति भन्ने शब्दको अर्थ गर्ने कोशिश हाले श्रीडिल्ली-रमण रेग्मीले पनि गर्नुभएको छ ।[१] उहाँको अर्थगराइ कति ठीक, कति बेठीक छ भन्ने विषयमा पछि कुनै बेला फुर्सदमा विचार गरुँला । तर उहाँले पनि श्रीहरिराम जोशीले जस्तै हीरहडगल्लिको ताम्रपत्रमा आएको अट्ठारस-जातिको अर्थ अठाह्र जात नै ठान्नुभएको रहेछ भन्ने कुराचाहिँ यहानिर भन्नैपरेको छ –

> द हिल्चगल्लि कपअर् प्लेट् अफ् शिवस्कन्दवर्मा अफ् द ४थ् सेन्चुरइ ए. डी यूजइज् अत्थरस जाति अर् प्रजा । आफ्टर् ए लङ ग्याप् द १८ आर् अड्रेस्ड् इन् द पन्डुकेश्वर (नीर् बद्रीनाथ्) टेम्प्ल् सी. पी. अफ् द १३थ् सेन्चुरइ बट् दे आर् हीर् कल्ड् अष्टादश प्रकृतिन् [२]।
>
> ८४. सरकार, सिलेक्ट् इन्स्क्रिप्शन्ज् (२न्ड् एडिशन्) १, पी. ४६४ ।

[विक्रमको पाँचौ शताब्दीको हिल्चगल्लिको शिवस्कन्दवर्माको ताम्रपत्रमा अत्थरस जाति वा प्रजाको

---

१३. वि. सं. २०३१ मा काठमाडौंबाट साझा प्रकाशनद्वारा प्रकाशित बालकृष्ण पोखरेलको *पाँच सय वर्ष*को दोस्रो संस्करणका ८, १३, १७, १९, २३, २६ पृष्ठ ।

१. वि. सं २०४० मा नयाँ दिल्लीबाट अभिनव पब्लिकेशन्जद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको *इन्स्क्रिप्शन्ज् अफ् एन्शन्ट् नेपाल* (प्राचीन नेपालका अभिलेख) को तेस्रो भागका ६१–६४ पृष्ठ ।

२. उही पुस्तकको ६३ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्रयोग भएको छ ।[८४] लामो कालपछि तिनै अठाह्रलाई पन्दुकेश्वर (बद्रीनाथनजीकैको) मन्दिरको विक्रमको चौधौँ शताब्दीको[३] ताम्रपत्रमा सम्बोधन गरिएको छ । तर यहाँ तिनलाई अष्टादश प्रकृतिन् भनिएको छ ।

८४. सरकारको सिलेक्ट् इन्स्क्रिप्शन्ज्को पहिलो भाग (दोस्रो संस्करण) को ४६४ पृष्ठ ।]

हीरडगल्लिको ताम्रपत्रको अट्ठारसजातिको अर्थ अठाह्र जात होइन, अठाह्र किसिम वा थरी हो भन्ने विषयमा भरखरै माथि छापिएको लेखमा मैले लेखिसकेकोले यहाँ दोहोर्‍याइरहनुपरेन । त्यस अभिलेखमा कतै प्रजा भन्ने शब्द छैन भन्ने कुरा सो अभिलेख पढी हेरे नबुझिने होइन ।[४] तैपनि रेग्मीजी त्यहाँ अट्ठारस प्रजा छ भनी लेख्न पुग्नुभएको छ । मुख्य कुरा त रेग्मीजीले यस प्रसङ्गमा हाँसो उठ्दो किसिमले आफ्नो मूर्खता देखाउनुभएकोले यो निबन्ध प्रस्तुत गरिएको हो ।

रेग्मीजीले अष्टादशप्रकृतिको अर्थ गर्ने प्रसङ्गमा एक ठाउँमा यस्तो लेख्नुभएको छ—

बट् द कास्ट्स् इन् आउर् ससाइइटि आर् यान्ड् वेर् मोर् द्यान् १८ । द रघुवंश ह्याज् गिभ्न् ए लिस्ट् अफ् १८ बट् इट् कल्ज् दीज् तीर्थज्:

मंत्री पुरोहितश्चैव युवराजश्च भूपतिपंचमोद्वारपालश्च षष्टान्नवशिकस्तथा ।। कारागाराधिकारीच द्रव्य संञ्चय कृत्तथा । कृत्य कृत्येषुचार्थानां न निमोवि नियोजकः ।। प्रवेष्टान्तराध्यक्षः कार्य निर्माण कृत्तथा । धर्माध्यक्षः कार्यसमाध्यक्षो दण्डपाल स्त्रीपञ्चमः ।। षोडशो दुर्गपालश्च तथा राष्ट्रान्त पालकः । अटवीपालकान्तानि तीर्थाअष्टादशैवतु ।।

---

३. डिल्लीरमण रेग्मीले विक्रमको चौधौँ शताब्दीको भनी ठहर्‍याउनुभएको यस ताम्रपत्रमा प्रवर्द्धमानविजयराज्य-सम्वत्सरे एकविङ्शतिमे सम्वत् २१ माघवदि ३ भनी समय दिइएको छ । उत्तरायणसङ्क्रान्तिको दिन यो ताम्रपत्र गरी गुठी राखिएको हो [वि. सं. २०२६ मा बीस्बादेनबाट फ्रान्ज स्ताइनर फेर्लागद्वारा प्रकाशित, विल्हेम राउद्वारा सम्पादित फ्रान्ज कील्हर्नको *क्लाइन शिफ्टेन्* (ससाना कृति) को १ भागका ३८०–३८७ पृष्ठ] । विशेष संवत् नदिई राजाको राज्यवर्ष दिइएको यस ताम्रपत्रको तिथिमितिको गणना गरेर र लिपिको आधारमा फ्रान्ज कील्हर्नले यसको समय बि. सं. ९१० माघ १ गते हुनुपर्छ भनी लेखेका छन् (उही पुस्तकको ३८१ पृष्ठ) । यसको अनुमोदन अरू अरू विद्वान्ले पनि गरेका पनि गरेका छन् (वि. सं. २०२१ मा बम्बईबाट भारतीय विद्याभवनद्वारा प्रकाशित, रमेशचन्द्र मजूमदारद्वारा सम्पादित *द हिस्टरि यान्ड् कल्चर् अफ् दि इन्डिअन् पीप्ल्* (भारतीय जनताको इतिहास र संस्कृति) को ४ भाग अर्थात् *दि एज् अफ् इम्पर्इअल् कनौज्* (कन्नौजसाम्राज्यको जमाना) को दोस्रो संस्करणका १२३–१२४ पृष्ठ, वि. सं. २०२६ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, कान्तिप्रसाद नौटियालको *दि आर्कीअलअजि अफ् कुमाओन्* (कुमाउको पुरातत्त्व) का ४८–४९ पृष्ठ, वि. सं. २०२२ मा दोगडाबाट वीर–गाथा–प्रकाशनद्वारा प्रकाशित, शिवप्रसाद डबराल "चारण"को *उत्तराखण्ड का इतिहास*को पहिलो भागको ३६८ पृष्ठ, वि. सं. २०२६ मा दोगडाबाट वीर–गाथा–प्रकाशनद्वारा प्रकाशित, शिवप्रसाद डबराल "चारण" को *उत्तराखण्ड का इतिहास*को तेस्रो भागका ४४४–४४५ पृष्ठ) ।

४. वि. सं. २०२१ मा कलकत्ताबाट कलकत्ताविश्वविद्यालयद्वारा प्रकाशित, दीनेशचन्द्र सरकारको *सिलेक्ट् इन्स्क्रिप्शन्ज्* (छनौट अभिलेख) को पहिलो भागको दोस्रो संस्करणका ४६१–४६५ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

ए कम्मेन्ट्एटर् अफ् कालिदास बाइ नेम् चरित्रवर्धन एक्स्प्लेन्ज् द सेम् प्यास्इज्ः
मंत्री, पुरोहित, सेनापति राजदौवारिकान्तर्वासिक प्रशास्तृ, समाहन्तृ, सान्निधातृ, पार्षदाध्यापकः, दण्डकारक, दुर्गपालास्तीर्थमिति[५]

[तर हाम्रो समाजमा जात १८ भन्दा बढी थिए र छन् । रघुवंशमा १८ को सूची दिइएको छ, तर त्यहाँ तिनलाई तीर्थ भनिएको छ—

चरित्रवर्धन भन्ने कालिदासका एकजना टीकाकारले त्यही अंशको व्याख्या यसरी गरेका छन्—]

यताबाट अष्टादश तीर्थ (मन्त्री आदि अधिकारी) को नाम किटिएका ती पद्य *रघुवंश*मा रहेछन् भन्ने बुझिन्छ । *रघुवंश*मा भने ती पद्य कहीँ पनि छैनन् ।

महाभारतमा एक ठाउँमा यस्तो श्लोक छ—

कच्चिदष्टादशान्येषु स्वपक्षे दश पञ्च च ।
त्रिभिस्त्रिभिरविज्ञातैर्वेत्सि तीर्थानि चारकैः ।।[६]

नीलकण्ठ यस श्लोकको टीका यसरी गर्छन्—

षष्ठीं राष्ट्रसंपदमाह कच्चिदष्टादशान्येष्विति तीर्थानि मंत्रिप्रभृतीन्यष्टादश यान्यवगाह्य राजा कृतकृत्यो भवति तानि चोक्तानि नीतिशास्त्रे

मंत्री पुरोहितश्चैव युवराजश्चमूपतिः
पंचमो द्वारपालश्च षष्ठोंतर्वेशिकस्तथा ।।१।।
कारागाराधिकारी च द्रव्यसंचयकृत्तथा
कृत्याकृत्येषु चार्थानां नवमो विनियोजकः ।।२।।
प्रदेष्टा नगराध्यक्षः कार्यनिर्माणकृत्तथा
धर्माध्यक्षः सभाध्यक्षो दंडपालस्त्रिपंचमः ।।३।।
षोडशो दुर्गपालश्च तथा राष्ट्रांतपालकः
अटवीपालकांतानि तीर्थान्यष्टादशैव तु ।।४।।
चारान्विचारयेत्तीर्थेष्वात्मनश्च परस्य च
पाखंडादीनविज्ञातानन्योन्यमितरेष्वपि ।।५।।
मंत्रिणं युवराजं च हित्वा स्वेषु पुरोहितमिति

एषां तीर्थशब्दवाच्यत्वे हलायुधः

योनौ जलावतारे च मंत्र्याद्यष्टादशष्वपि
पुण्यक्षेत्रे तथा पात्रे तीर्थं स्याद्दर्शनेष्वपीति

---

५. उही पुस्तकका ६३–६४ पृष्ठ ।

६. वि. सं. २०२८ मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित *चिकित्सितपाठात्मिका महाभारत-संहिता* सभापर्वको ५ अध्यायको २७ श्लोक (पहिलो भागको २९६ पृष्ठ) ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

परेषामष्टादशसु स्वस्य मंत्रिपुरोहितयुवराजवर्जं पंचदशसु च तीर्थेषु चारानन्यं : परस्परं चाविज्ञातांस्त्रीं-स्त्रीन्प्रयुज्य तत्रत्यां वार्त्तां सर्वचारसंवादे तथ्यां जानीयात् ज्ञात्वा च स्वप्रजानामनुरंजनेन परप्रजानां दुःखितानामभयदानादिना आकर्षणेन च स्वराष्ट्रं वर्धयेदित्युक्तं भवति ।।३८।।[७]

यताबाट रेग्मीजीले *रघुवंश*का भनी उद्धरण गर्नुभएका श्लोक नीलकण्ठले *नीतिशास्त्र*का भनी आफ्नो टीकामा उद्धरण गरेको स्पष्ट देखिएको छ। फरक कति छ भने रेग्मीजीको उद्धरणमा धेरै ठाउंमा शुद्ध पाठ अपपाठको रूपमा बदलिन गएका छन् ।

अष्टादश तीर्थको नाउँ नीतिशास्त्रमा कहिएका छन् भनेर अनि ती पद्य नीलकण्ठले दिएकाले उनले कतैबाट ती पद्य सारेका हुन् भन्ने स्पष्ट हुन्छ । यसको मतलब ती पद्य अरू कसैले लेखेका हुन्, नीलकण्ठले रचेका होइनन् भन्ने हो ।

बहुतै परिश्रम गरी तयार गरिएको *धर्मकोश*को श्रुति, स्मृति, पुराण, धर्मशास्त्र, अर्थशास्त्र र तिनका व्याख्यानबाट वचन झिकी तयार पारिएको *राजनीतिकाण्ड*मा अनिर्दिष्टकर्तृकवचनानि (बनाउने मान्छेका नाउँ नदेखाइएका वचन) भनेर ती पद्यको उद्धरण भएको छ र त्यहाँ नीलकण्ठी टीकाबाट यी वचन झिकिएका हुन् भनी लेखिएको छ ।[८] त्यस्तै संस्कृत भाषाका महनीय कोष *शब्दकल्पद्रुम*[९] र *वाचस्पत्य*[१०] दुवैमा तीर्थ शब्दको अर्थ दिंदा *नीलकण्ठी टीका*को नाउँ दिई तिनै श्लोक सारिएका छन् ।

*रघुवंश*मा हुँदै नभएका पद्य *रघुवंश*का भनी श्रीडिल्लीरमण रेग्मीले लेख्नुभएकोले संस्कृतवाङ्मयको ज्ञान नभएका उहाँलाई कतै उहाँका पर्दाभित्र बस्न बाध्य भएका सहायकहरूले गलत सूचना दिई झुक्याइदिएका त होइनन् ?

---

७. वि. सं. १९३४ मा बम्बईबाट गणपत कृष्णाजीको छापाखानामा छापिएको, नीलकण्ठी टीकासहितको *महाभारत*को सभापर्वको ५ अध्यायको ३८ श्लोकको टीका (सभापर्वको ८ ख पत्र) । त्यहाँ कहीं पद जोडेर कहीं छुट्ट्याएर छापिएकोमा यहाँ जोड्नुपर्नेमा जोडिएका र छुट्ट्याउनुपर्नेमा छुट्ट्याइएका छन् ।

८. वि. सं. २०३३ मा वाईबाट प्रज्ञापाठशालामण्डलद्वारा प्रकाशित, लक्ष्मणशास्त्री जोशीद्वारा सम्पादित *धर्मकोश*को *राजनीतिकाण्ड* चौथो भागको २३५२ पृष्ठ ।

९. वि. सं. २०२४ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, राधाकान्त देवको *शब्दकल्पद्रुम*को दोस्रो भागको तेस्रो संस्करणका ६२९–६३० पृष्ठ ।

१० वि. २०२६ मा वाराणसीबाट चौखम्बा संस्कृत सीरिज आफिसद्वारा प्रकाशित, तारानाथ तर्कवाचस्पतिको *वाचस्पत्य*को तेस्रो संस्करणका ३३१४–३३१५ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

सुमति को हुन् ?

–महेशराज पन्त

लिच्छविकालका अभिलेखमा एक थरीमा संवत् ३८६ देखि ५३५ सम्मका तिथिमिति छन् भने अर्का थरीमा चाहिँ संवत् २९ देखि ३०१ सम्मका तिथिमिति लेखिएका पाइएका छन्। यताबाट लिच्छविहरूका अभिलेख दुइ थरी संवत्मा राखिएका देखिन गयो तापनि यी संवत् कुन कुन हुन् भन्ने कुरामा सय वर्ष यतादेखि ऐतिहासिकहरूमा वादविवाद चल्दै आएको थियो। यसो भए तापनि इतिहासको गहिरो परिशीलनको आधारमा अघिल्लो संवत् शकसंवत् (वि. सं. १३५ देखि चलेको) र पछिल्लोचाहिँ मानदेवसंवत् (वि. सं. ६३३ देखि चलेको) हो भन्ने कुरा प्रबुद्ध ऐतिहासिकहरूले निधो गरेका थिए। तर पनि गणितको आधारमा यस सिद्धान्तको पुष्टि हुन सकेको थिएन र यसैले बीचबीचमा यसमा विप्रतिपत्ति पनि उठ्नु स्वाभाविकै थियो।

यही सिलसिलामा लिच्छविकालमा चलेका संवत् कुन कुन हुन्, यी कहिले कहिलेदेखि चलेका हुन् भन्ने कुराको निर्णय गर्ने कोशिश गुरु शङ्करमान राजवंशीले गर्नुभयो र उहाँको *लिच्छविसंवत्को निष्कर्ष* भन्ने पुस्तिका वि. सं. २०३० मा निस्कियो। त्यस पुस्तिकामा अघिल्लो संवत्लाई वि. सं. ११३ देखि उठेको लिच्छविसंवत् र पछिल्लो संवत्लाई चाहिँ वि. सं. ६०९ देखि उठेको अंशुवर्मसंवत् भनी सिद्ध गर्ने कोशिश गरिएको देखियो।

गुरु शङ्करमान राजवंशीको प्रमाणाभासले दूषित निर्णयबाट लोकमा भ्रम पर्ने अवस्था आएकोले पिताजी नयराज पन्तले वि. सं. २०३३ मा यता हात हाल्नुभयो। उहाँको यस काममा गुरु देवीप्रसाद भण्डारी र भाइ दिनेशराज पन्तबाट मदत मिल्न गयो। यसरी सात वर्ष यतादेखिको पिताजीको निरन्तरको अध्यवसायबाट पहिलो संवत् शकसंवत् र दोस्रोचाहिँ मानदेवसंवत् नै हो भन्ने कुरा इतिहास र गणित दुवैको आधारमा सिद्ध भयो।[1] यताबाट सय वर्ष यतादेखि चल्दै आएको संवत्विषयको वादविवाद प्रामाणिक ढङ्गले टुङ्गिन गई नेपालको इतिहासरचनाको इतिहासमा नै ठूलो काम हुन गयो।

यसरी लिच्छविकालको इतिहासको रचनामा तगारो भएर तेर्सिएको यो प्रश्न टुङ्गिन गएको भए तापनि यो निर्णय गुरु शङ्करमान राजवंशीले पूर्वाग्रहवश अझ मान्नुभएको छैन।[2] एउटा झूटो कुरालाई छोप्न अर्को झूटो कुरा बोल्न परे

---

१. वि. सं. २०३३ देखि वि. सं. २०३५ सम्म छापिएका *पूर्णिमा*का ३४, ३५, ३६, ३७, ३८, ३९, ४१ अङ्कमा यस विषयमा खास गरी लेखिएका छन्। वि. सं. २०३८ मा काठमाडौँबाट पुण्यबहादुर श्रेष्ठद्वारा प्रकाशित, दिनेशराज पन्तको *लिच्छविकालमा चलेका संवत्*मा पनि यही विषयमा लेखिएको छ। लिच्छविकालका संवत्को विषयमा सबै कुरा खुलाई लेखिएको *लिच्छविसंवत्को निर्णय* भन्ने पुस्तक नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानद्वारा प्रकाशित हुँदैछ।

२. वि. सं. २०४१ मा काठमाडौँबाट श्री ५ को सरकार शिक्षा तथा संस्कृतिमन्त्रालय पुरातत्त्वविभागद्वारा प्रकाशित, *प्राचीन नेपाल*को ८३ सङ्ख्याका १८–२१ पृष्ठमा छापिएको शङ्करमान राजवंशीको *लिच्छविकालमा व्यवहार गरिएका संवत्* भन्ने निबन्ध।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जस्तै आफ्नो संवत्सम्बन्धी मत पुष्ट पार्न उहाँले किसिमकिसिमका प्रमाणाभास जुटाउनुपरेको छ ।" यो लेख उहाँको यस्तै एउटा प्रमाणाभासको निराकरण गर्न लेखिएको हो ।

विक्रमको तेह्रौं शताब्दीमा लेखिएको लीलावतीभन्दा पछि *सुमतितन्त्र* लेखिएको हो भन्ने कुरा सिद्ध गर्न गुरु शङ्करमान राजवंशी यस्तो लेख्नुहुन्छ—

सुमतितन्त्र भन्ने नामले ज्योतिषको पुस्तक कसरी बन्यो भन्ने विचार गर्न सो सुमतितन्त्रको पहिलो पत्रमा दिइएको श्लोकको व्यहोरा हेर्नु जरूरी छ । जस्तै—

कल्पन्मन्वन्तरादीनां युगाब्दं कालमेव च
ऋतुमासं तिथिश्चैव प्रहारं मुहूर्त्तनाडिका
विनाडी प्राणसंख्येण वक्ष्यामि कालपर्यया
युगाणां मध्यमानाञ्च स्फुटकर्म्मविशेषतः
तिथिनक्षत्रकर्म्मञ्च ग्रहचारविधानत
त्रिप्रष्णश्च यथान्यायं ग्रहणं शशिसूर्ययोः
सुमते कथयिष्यामि यथाश्रुतम्मया पुरा

[कल्प, मन्वन्तर, युगका मान म बताउँछु । वर्ष, काल, ऋतु, महिना, तिथि, प्रहर, मुहूर्त्त, घडी, पला, असु, इत्यादि समयका प्रमाण बताउँछु । मध्यम ग्रह ल्याउने विधि र विशेष गरेर स्पष्ट ग्रह ल्याउने विधि बताउँछु । तिथि नक्षत्रका गणित, चारद्वारा ग्रह स्पष्ट ल्याउने रीति, त्रिप्रश्न तथा चन्द्रग्रहण र सूर्यग्रहण सम्बन्धी गणित हे सुमति ! मैले पहिले जस्तो सुनेथें, त्यस्तै तिमीलाई बताउँछु । (मर्यादा १२ अंक ६४ पृष्ठ)

यहाँ हे सुमति भनी संबोधन गरी कल्प मन्वन्तर आदि ल्याउने रीति बताउँछु भनेर उल्लेख गरेको छ । यसबाट सुमति भन्नेलाई पात्रो बनाउने कुरा सिकाउन बनाएको ग्रन्थ रहेछ भन्ने बुझिन्छ । वि. सं. १२०७ का भास्कराचार्यले आफ्नी छोरी०लीलावतीलाई गणित सिकाउन लीलावती नामक ग्रन्थ बनाएथे । भास्कराचार्यले गणित सिकाएको उदाहरणको एक नमूना प्रस्तुत गरिन्छ । जस्तै—

अये बाले लीलावति मतिमति ब्रूहि सहितान् द्विपञ्च द्वात्रिंशत्त्रिनवति शताष्टादश दश ।
शतोपेतानेतानयुतवियुतां श्चापि वद मे यदि व्यक्ते युक्ति व्यवकलनमार्गेऽसि कुशला ।।१।।

[हे बुद्धिमती नानी लीलावती यदि व्यक्तगणितमा जोड्न र घटाउन जन्दछ्यौ भने २, ५, ३२, १९३, १८, १०, १०० यति जोड गरी त्यस योगफललाई १०००० बाट घटाऊ ।]

सुमतितन्त्रका ग्रन्थकारलाई यसैको छाप परेको जस्तो बुझिन्छ । सायद सुमतितन्त्र भन्ने व्यक्ति ग्रन्थकारको मन परेको छोरो हुन सक्छ । त्यसैले सुमतितन्त्र भन्ने ग्रन्थको नाम रहेको होला भन्ने अनुमान हुन्छ । यसबाट विचार गर्दा भास्करभन्दा पछि सुमतितन्त्र बनेको हुनु पर्छ भन्ने देखिन्छ ।[३]

---

३. वि. सं. २०३५ मा काठमाडौंबाट मोहनप्रसाद खनालद्वारा प्रकाशित, सन्दर्भ ३ अङ्कमा छापिएको शङ्करमान राजवंशीको *सुमतितन्त्र एक गंभीर विचार* भन्ने निबन्ध, सो अङ्कका १७–१८ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

यताबाट गुरु शङ्करमान राजवंशीको विचारमा *लीलावती* पढेका ज्योतिषीले, भास्करले आफ्नी छोरी लीलावतीलाई गणित सिकाउन *लीलावती* बनाए जस्तै सुमति नाउँ भएका छोरा वा आफन्तको लागि *सुमतितन्त्र* बनाएको हो भन्ने देखिन्छ।

महाभारतको लडाइँमा घाइते भई शरशय्यामा सुतेका भीष्म पितामहलाई हेर्न आउने ऋषिमुनिहरूमा सुमतिनाउँका एक जना ऋषि पनि थिए भन्ने कुरा *महाभारत*को तलको उद्धरणबाट बुझिन्छ—

वैशंपायन उवाच।

बृहस्पतिसमं बुद्धया क्षमया ब्रह्मणः समम्।
पराक्रमे शक्रसममादित्यसमतेजसम्॥ १
गाङ्गेयमर्जुनेनाजौ निहतं भूरिवर्चसम्।
भ्रातृभिः सहितोऽन्यैश्च पर्युपास्ते युधिष्ठिरः॥ २
शयानं वीरशयने कालाकाङ्क्षिणमच्युतम्।
आजग्मुर्भरतश्रेष्ठं द्रष्टुकामा महर्षयः॥ ३
अत्रिर्वसिष्ठोऽथ भृगुः पुलस्त्यः पुलहः क्रतुः।
अङ्गिरा गौतमोऽगस्त्यः सुमतिः स्वायुरात्मवान्॥ ४
विश्वामित्रः स्थूलशिराः संवर्तः प्रमतिर्दमः।
उशना बृहस्पतिर्व्यासश्च्यवनः काश्यपो ध्रुवः॥ ५
दुर्वासा जमदग्निश्च मार्कण्डेयोऽथ गालवः।
भरद्वाजश्च रैभ्यश्च यवक्रीतस्त्रितस्तथा॥ ६
स्थूलाक्षः शकलाक्षश्च कण्वो मेधातिथिः कृशः।
नारदः पर्वतश्चैव सुधन्वाथैकतो द्वितः॥ ७
नितंभूर्भुवनो धौम्यः शतानन्दोऽकृतव्रणः।
जामदग्न्यस्तथा रामः काम्यश्चेत्येवमादयः।
समागता महात्मानो भीष्मं द्रष्टुं महर्षयः॥ ८[४]

सुमतितन्त्र सिद्धान्तज्यौतिषको ग्रन्थ भए पनि यसमा पनि *सूर्यसिद्धान्त*मा जस्तै पौराणिकताको पुट मिसिएको छ भन्ने कुरा यसको उठान हेरे स्पष्ट बुझिन्छ।[५] *सुमतितन्त्र* जसले बनाए, तिनले आफ्नो ग्रन्थलाई पौराणिकताले रङ्गाएकाले त्यस ग्रन्थलाई धर्मप्राण जनतामा प्रतिष्ठित गराउने विचार तिनको थियो भन्ने देखिन्छ। यसैले *महाभारत*मा नाउँ चढेका सुमति ऋषिलाई श्रोताको रूपमा उभ्याउन *सुमतितन्त्र*का कर्ता पुगेका हुन् भन्ने देखिन गएको छ। भास्करको *लीलावती*को नकलमा *सुमतितन्त्र* नाउँ राखिएको देखिएकोले *सुमतितन्त्र लीलावती*-भन्दा पछिको ग्रन्थ हो भनी गुरु शङ्करमान राजवंशीले जुन तर्क गर्नुभएको छ, त्यसमा कति पनि सार छैन भन्ने कुरा यताबाट स्पष्ट हुन गएको छ।

---

४. वि. सं. २०३२ मा पूनाबाट भाण्डारकरप्राच्यविद्यासंशोधनमन्दिरद्वारा प्रकाशित *चिकित्सितपाठात्मिका महाभारत-संहिता*को ४ खण्ड, २५५० पृष्ठ (अनुशासनपर्वको २७ अध्याय)।

५. वि. सं. २०३५ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको पाठ्यक्रमविकासकेन्द्रद्वारा प्रकाशित, नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तद्वारा सम्पादित *सुमतितन्त्र*का ३–५ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वटेश्वरसिद्धान्त र नेपालसंवत्

–महेशराज पन्त

वटेश्वरनाउँका एक जना ज्योतिषीले आफ्नै नाउँले *वटेश्वरसिद्धान्त* भन्ने सिद्धान्तग्रन्थ बनाएका थिए भन्ने चर्चा भारतीय ज्यौतिषका ऐतिहासिकहरूमा चलिरहेको भए तापनि त्यो ग्रन्थ लुप्त नै थियो, प्रकाशमा आएको थिएन ।[1] खोज्दै जाँदा त्यस पुस्तकको एक प्रति रामस्वरूप शर्माले लाहुरविश्वविद्यालयको पुस्तकखानामा भेट्टाए र उनले मुकुन्द मिश्र भन्ने एक जना ज्योतिषीको मदत लिएर *वटेश्वरसिद्धान्त*का मध्यमाधिकार, स्पष्टाधिकार र त्रिप्रश्नाधिकारको संस्कृत हिन्दी दुवै भाषामा भाष्यसमेत लेखी सम्पादन पनि गरे । रामस्वरूप शर्मा र मुकुन्द मिश्रले मिलेर तयार गरेको त्यो पुस्तक वि. सं. २०१८ मा नयाँ दिल्लीबाट इन्डियन इन्स्टीटयूट आफ आस्ट्रानोमिकल एण्ड संस्कृत रिसर्च (सिद्धान्तज्यौतिष र संस्कृतको अन्वेषण गर्ने भारतीय परिषद्) द्वारा छापियो । त्यस पुस्तकबाट भारतीय ज्यौतिषको इतिहासमा के कति प्रकाश पर्न गयो, त्यस विषयको विवेचना गर्न भनी यो लेख लेखिएको होइन । यो लेख त *वटेश्वरसिद्धान्त* देख्दा नेपालको इतिहासको कुनै प्रश्नमा केही कुरीकुरी लागेकोले लेखिएको हो ।

लिच्छविकालमा नेपालमा पहिले शकसंवत् (वि. सं. १३५ देखि उठेको) र पछिबाट मानदेवसंवत् (वि. सं. ६३३ देखि उठेको) चलेका थिए भन्ने कुरा अहिले राम्ररी नै निधो भइसकेको छ । त्यसै गरी शकसंवत् जुन बेला चलेको थियो, त्यस बेलाको गणनापद्धति *वेदाङ्गज्यौतिष*अनुसारको थियो र जुन बेलादेखि मानदेवसंवत् चल्न थाल्यो, त्यस बेलादेखि कालमानमा वारको पनि प्रवेश भयो भन्ने कुरामा प्रकाश परिसकेको छ । त्यस्तै, नेपालमा बनेको सुमतितन्त्रअनुसारको गणनापद्धति मानदेवसंवत्को हो भन्ने कुरा पनि प्रकाशमा आइसकेको छ ।[2] यस कारण वारको चलन भएपछि *वेदाङ्गज्यौतिष*को ठाउँ नेपालमा *सुमतितन्त्र*ले लिएको देखिन्छ ।

वटेश्वरसिद्धान्त लेख्ने वटेश्वर आनन्दपुरका हुन् र उनको बाबुको नाउँ महदत्त हो भन्ने कुरा सोही पुस्तकबाट बुझिन्छ ।[3] महदत्तको चर्चा अन्यत्र नआएकोले र आनन्दपुरको निर्क्योल पनि गर्न नसकिएकोले यिनको जन्मभूमि र

---

१. वि. सं. १९९० मा बनारसबाट पद्माकर द्विवेदीद्वारा प्रकाशित, सुधाकर द्विवेदीको *गणकतरङ्गिणी*को दोस्रो संस्करणको १९ पृष्ठ ।

२. *पूर्णिमा*को यही अङ्कमा छापिएको *सुमति को हुन्* ? भन्ने निबन्धको १ सङ्ख्याको टिप्पणी ।

३. ब्रह्मावनीन्दुबुधशुक्रदिवाकरारजीवार्कसूनुभगुरून् पितरौ च नत्वा ।
ब्राह्मं ग्रहर्क्षगणितं महदत्तसूनुर्वक्ष्येऽखिलं स्फुटमतीव वटेश्वरोऽहम् ॥

(मध्यमाधिकार १।१)

[महदत्तको छोरो म वटेश्वर ब्रह्मा, पृथ्वी, चन्द्र, बुध, शुक्र, सूर्य, मङ्गल, बृहस्पति, शनैश्चर, भचक्र, गुरु र आमाबाबुलाई ढोगेर ब्रह्माबाट आएको, ग्रह र नक्षत्रको अत्यन्त स्पष्ट गणित भन्छु ।]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

वंशको विषयमा केही किटेर भन्न सकिंदैन । *वटेश्वरसिद्धान्त*का सम्पादकको विचार आनन्दपुर पञ्जाबमा पर्छ भन्ने छ[४] भने भारतीय ज्यौतिषको सबभन्दा नयाँ इतिहासका कर्ता डेभिड पिङ्ग्रीले भने आनन्दपुर गुजरातमा पर्छ भनी लेखेका छन् ।[५]

इति श्रीमदानन्दपुरीयमहदत्तसुतवटेश्वरविरचिते स्वनामसंज्ञिते स्फुटसिद्धान्ते मध्यगतिः प्रथमोऽधिकारः समाप्तः ॥ ॥

(मध्यमाधिकारको समाप्तिवाक्य)

[आनन्दपुरका महदत्तका छोरा वटेश्वरले बनाएको, आफ्नै नाउँले नाउँ राखिएको स्पष्ट सिद्धान्तमा पहिलो अधिकार मध्यगति सिद्धियो ।]

इति श्रीमदानन्दपुरीयमहदत्तसुतवटेश्वरविरचिते स्फुटसिद्धान्ते स्वनामसंज्ञिते स्पष्टाधिकारः समाप्तः ।

(स्पष्टाधिकारको समाप्तिवाक्य)

[आनन्दपुरका श्रीमान् महदत्तका छोरा वटेश्वरले बनाएको, आफ्नै नाउँले नाउँ राखिएको स्पष्ट सिद्धान्तमा स्पष्टाधिकार सिद्धियो ।]

इति आनन्दपुरीयभट्टमहदत्तसुतवटेश्वराचार्यविरचिते वटेश्वरसिद्धान्ते त्रिप्रश्नाधिकारस्तृतीयोऽधिकारः समाप्तिमगमदिति ।

(त्रिप्रश्नाधिकारको समाप्तिवाक्य)

[आनन्दपुरका भट्ट महदत्तका छोरा वटेश्वराचार्यले बनाएको वटेश्वरसिद्धान्तमा तेस्रो अधिकार अर्थात् त्रिप्रश्नाधिकार सिद्धियो ।]

४. आनन्दपुर नामक नगर में वेद स्मृति धर्म-आचार (व्यवहार विचार में चतुर महदत्त भट्ट नामके एक ब्राह्मण थे । उनके पुत्र ग्रहों से वर पाये हुए ज्योतिषियों में श्रेष्ठ इस ग्रन्थ के बनाने वाले अतिशय प्रतिभाशाली श्रीमान् वटेश्वराचार्य ने आठ सौ दो (८०२) शाका वर्ष में जन्म लिया । आनन्दपुर प्रायः पञ्जाब प्रदेश के अन्तर्गत है यह बात पञ्जाब में रहने वालों के कहने से और अन्य प्रान्त के लोगों के कहने से भी मालूम होती है । अपने नाम के सिद्धान्त (वटेश्वरसिद्धान्त) के प्रत्येक अधिकार के समाप्ति–स्थान में "इति श्रीमदानन्दपुरीय महदत्तसुत वटेश्वरविरचिते स्वनामसंज्ञिते स्फुटसिद्धान्ते इत्यादि" ग्रन्थकार के लेख से भी मालूम होता है कि ये ग्रन्थकार (वटेश्वराचार्य) आनन्दपुर के रहने वाले थे, लेकिन पञ्जाब प्रान्त में जो आनन्दपुर है वहां के थे या किसी दूसरे आनन्दपुर (किसी दूसरे प्रान्त में रहा होगा) के थे इसके लिए कोई प्रबल प्रमाण न मिलने के कारण निर्णय नही कर सकते हैं, ...

(*वटेश्वरसिद्धान्त*को भूमिकाको १ पृष्ठबाट)

५. ए *सिद्धान्त* इन् ह्विच् दि इन्फ्लुअन्स् अफ् बोथ् दि आर्यपक्ष यान्ड् द सौरपक्ष याज् वेल् याज् द्याट् अफ् ब्रह्मगुप्त'ज् बीएसएस् आर् अपेरअन्ट् इज् द वटेश्वरसिद्धान्त कम्पोज्ड् बाइ वटेश्वर याट् आनन्दपुर इन् गुजरात् इन् ९०४ . . .

[वि. सं. २०३८ मा बीसबादेनबाट अत्तो हर्रसोवित्सद्वारा प्रकाशित, डेभिड पिङ्ग्रीको *ज्योतिःशास्त्र, यासट्रल् यान्ड् म्याथ्इम्याट्इकल् लिट्अरइचर्* (ज्योतिःशास्त्र अर्थात् नाक्षत्र र गणितविषयक वाङमय) अर्थात् याव खोन्डाद्वारा सम्पादित ए *हिसट्रि अफ् इन्डिअन् लिट्अरइचर्* (भारतीय वाङमयको इतिहास)को छैटौं ठेलीको चारौं भाग २४ पृष्ठबाट]

CC-0. Nepal Sanskrit Academy, Kathmandu

मेरो जन्म शकसंवत् ८०२ (वि. सं ९३७) मा भएको हो, मैले २४ वर्षको उमेरमा वटेश्वरसिद्धान्त बनाएको हुँ भन्ने कुरा पनि वटेश्वरले सोही *वटेश्वरसिद्धान्त*मा लेखेका छन् ।[६]

यिनै वटेश्वरले वि. सं. ९५६ मा *करणसार*नाउँको करणग्रन्थ बनाएका थिए । तर त्यो पुस्तक फेला परेको छैन र खालि अल्–बीरूनीका ग्रन्थहरूमा गरिएका त्यस पुस्तकका उद्धरणबाट त्यसको विषयमा थाहा हुन गएको हो ।[७]

उन्नाइस वर्षको उमेरमा करणग्रन्थ र २४ वर्षको उमेरमा सिद्धान्तग्रन्थ बनाउन सक्ने वटेश्वर साँच्चिकै प्रतिभाशाली थिए भन्ने कुरामा शङ्का छैन । फेरि त्यसमाथि अयनांशको चर्चा गर्ने पहिला ज्योतिषी वटेश्वर नै देखिएकाले[८] भारतीय ज्यौतिषको इतिहासमा उनको अलग्गै ठाउँ भएको कुरा पनि यहाँनिर सम्झनुपरेको छ । कुरा के हो भने वि. सं. ९६१ मा आफूले लेखेको *वटेश्वरसिद्धान्त*मा अयनांशको प्रसङ्ग वटेश्वरले छेडिदिएका छन्, यसभन्दा पहिलेका अरू कुनै ग्रन्थमा अयनांशको चर्चा पाइएको छैन ।

वेदाङ्गज्यौतिषको कालमानअनुसार शकसंवत् चलिरहेकोमा वि. सं. ६३३ देखि नयाँ संवत् अर्थात् मानदेवसंवत् चल्न थाल्यो । यो संवत् चलाउनुमा जेसुकै कारण भए पनि यस वेलादेखि कालमानमा वारको पनि प्रवेश हुन थालेको कुरामा भने कुनै शङ्का छैन । यसै गरी नेपालसंवत् चलाउनुमा जेसुकै कारण भए पनि यसै ताका अयनांशको विषयमा विचार हुन थालेको थियो भन्ने कुरा अयनांशको चर्चा सबभन्दा पहिले *वटेश्वरसिद्धान्त*मा वि. सं. ९६१ मा आउनाले स्पष्ट भएको छ । नेपालमा बनेको *सुमतितन्त्र*मा अयनांशको चर्चा नहुनु, वि. सं. ९३७ देखि नेपालमा नयाँ संवत् चल्नु, वि. सं. ९६१ मा भारतमा लेखिएको कितापमा अयनांशको चर्चा सबभन्दा पहिले आउनुको अर्थ के हुन सक्छ ? समयको अन्तरले टड्कारो देखा पर्न आएको कुरामा विचार गरी अयनांशको चर्चा गर्ने ज्योतिषी वटेश्वरको जन्म वि. सं. ९३७ मा हुनु र कार्तिकादि नेपालसंवत् वि. सं. ९३७ देखि उठ्नुमा केही सम्बन्ध छ कि भन्ने जिज्ञासाले यो लेख लेखिएको हो । यस विषयमा चासो लिएका विद्वान्ले यतापट्टि दृष्टि दिए कसो होला ?

---

५ [आर्यपक्ष र सौरपक्ष दुवैको तथा ब्रह्मगुप्तको ब्राह्मस्फुटसिद्धान्तको पनि प्रभाव परेको स्पष्ट देखिने सिद्धान्तग्रन्थ गुजरातको आनन्दपुरमा वि. सं. ९६१ मा वटेश्वरले बनाएको वटेश्वरसिद्धान्त हो ।]

६. शकेन्द्रकालाद् भुजशून्यकुञ्जरैरभूदतीतैर्मम जन्म हायनैः ।
अकारि राद्धान्त इतः स्वजन्मनो मया जिनाब्दैर्द्युसदामनुग्रहात् ॥
(मध्यमाधिकार १ । २१)

[शक राजाको कालबाट ८०२ वर्ष बित्दा मेरो जन्म भयो । आफ्नो जन्म भएदेखि २४ वर्ष जाँदा ग्रहहरूको कृपाले मैले यो सिद्धान्त बनाएँ ।]

७. *ज्योतिःशास्त्र*को ३३ पृष्ठ ।

८. वटेश्वरभन्दा अगाडिका ज्योतिषीले अयनांशको चर्चा गरेका छैनन् ।
(वि. सं. २०३५ मा प्रकाशित *पूर्णिमा* ३९ अङ्कका १३५–१४८ पृष्ठमा छापिएको, नयराज पन्त, देवीप्रसाद भण्डारी, दिनेशराज पन्तको *सुमतितन्त्रको रचनाकाल* भन्ने निबन्ध, सो अङ्कका १४१–१४७ पृष्ठ ।)

...साध्यम् । अयनचलनं स्वबुद्धया गणकेन हि चापचतुरेण ॥
(वटेश्वरसिद्धान्त त्रिप्रश्नाधिकार २।२५)

[चापगणित जान्ने ज्योतिषीले आफ्नै बुद्धिले अयनचलन (अयनांश) ल्याउनुपर्छ ।]
(*पूर्णिमा* ३९ अङ्कको १४५ पृष्ठबाट)

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दोह्लिको निर्वचनको प्रसङ्गमा

–महेशराज पन्त

पश्चिम नेपालका खस राजाहरूका अभिलेख पाइएकाले एकातिर खससाम्राज्यको इतिहास प्रकाशमा आएको छ भने अर्कोतिर ती अभिलेखमा धेरैजसोमा पेटबोली नेपाली भाषामा भएकोले नेपाली भाषाको इतिहास पहिल्याउन पनि निकै सजिलो भएको छ । यताबाट ती अभिलेख नेपालको इतिहासका विद्यार्थीलाई उपादेय ठहरिएका छन् भने नेपाली भाषाका विद्यार्थीलाई अपरिहार्य हुन गएका छन् । यसो भए तापनि कालक्रमले गर्दा ती अभिलेखको नेपाली भाषा नेपाली भाषै जन्मभाषा भएकालाई पनि सर्वत्र बुझ्न सजिलो छैन, निकै कठिन छ । यस कारण ती अभिलेखको अर्थ गर्ने काममा झण्डै तीस वर्ष यतादेखि विद्वान्हरू लागिरहेका छन् तापनि काम अझ निकै नै बाँकी छ भन्ने कुरा यस विषयको परिशीलन गर्नेहरूलाई थाहा भएकै कुरा हो । यो निबन्ध खसहरूका अभिलेखको अर्थ गर्न बस्दा तेर्सिएर रहिरहेको त्यस्तै एउटा प्रश्नमा प्रकाश पार्ने उद्देश्यले लेखिएको हो । यताबाट केही प्रकाश पऱ्यो कि परेन भन्ने निर्णयचाहिँ मैले होइन, यही विषयका विद्वान्हरूले गर्ने कुरा हो ।

पश्चिम नेपालका खस राजाहरूका दानपत्रहरूमा नेपाली भाषाका खण्डमा कहीँकहीँ दोहलि भन्ने शब्द आएको छ–

एक

... परमभट्टारकमहाराजाधिराजपरमेश्वरश्रीमदादि।।त्यमल्लदेवः सान्तःपुरः सकुमारः सपरिवारश्चिरं जयतु ।। राइका पायभाखा ।। पसा कि अक्नि । पम्चो जोइसिंका कांन्सा चेलां । पदमनाभ । धामु दुहु जना ।। तांम्कु जग्चो भाटको आ १ वोहोरातोला जंसमंको आ १ वाहि तांमाको आलो १ थापाको हुँदो । एति आला सर्व्कर अकर् दोहोलि करि पसा कि अक्न्याछुं ।। ...

श्रीशाके १२४३ आश्विनशुदि ३ वृहस्पतिवारे ।[१]

दुइ

... परममट्टारकमहाराजाधिराज । राजपरेमेश्वर । राजताराातरणिश्रीमत्पृथ्वीमल्लदेवाः । सान्तः-

१. हाल दैलेख जिल्ला कार्यालयमा राखिएको ताम्रपत्र । यो ताम्रपत्र सबभन्दा पहिले वि. सं. २०३७ मा काठमाडौँबाट त्रिभुवनविश्वविद्यालयको नेपाल र एशियाली अनुसन्धानकेन्द्रद्वारा प्रकाशित *कन्ट्रिब्युशन्ज् टु नेपालिज् स्टडिज्* (नेपालविषयक विद्यासम्बन्धी लेख)को ७ वर्षका १–२ अङ्कमा सूर्यमणि अधिकारीको *पश्चिम नेपालका केही अप्रकाशित अभिलेख* भन्ने निबन्धमा (१७७–१७९ पृष्ठमा) छापिएको हो । त्यसपछि वि. सं. २०३८ मा वाराणसीबाट नम्रसंगम प्रकाशनद्वारा प्रकाशित *वाणीसाधना*को १ वर्षको १ अङ्कमा पूर्णप्रकाश नेपाल 'यात्री'-को *नेपालीका पाँचवटा अभिलेख* भन्ने निबन्धमा (७४–७६ पृष्ठमा) छापिएको हो । नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको यस ताम्रपत्रको नेगेटिभबाट तयार गरिएको फोटोबाट पाठ सच्याई यहाँ दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पुरपरिवाराः विर्जयिनः ।। श्रीशाके १२७८ श्रावणसुदि १० शुक्रे । राइको आदेस् ।
दुलुँ । कुडना । पलाता । राकस्कोटका अधिकारि कार्कि खँड्गाहा वुढाथापा । छिद्यांका अडै अधिकारि वियापारि साहानि समीप्रति । मेरि जन्मौति ढोया आखर् पढायाका प्रसाद गोल्हु जोइसि कनकपत्रकि भाषापसा करि अक्न्यांछु । आ १ गमौडिको । द्योपाल् भंडारिका काढ्याषेत्सहित् । आ १ वांजकोटको पुन्याघाटकँ चौथागसहित् पुरो करिं । आ १ नमजै धार्गाडको विन्या कत्रैतको । आ १ कुडना । पाथर्-राशिको आ १ हेप्कोट । लखुनाडा खेतगाँवको । आ १ थिडवुँ खिर्पको छिद्यांको जाँवुगांउ १ इति वृत्ति । पूर्वीलि आदित्यमल्ल राइका । पुण्यमल्ल राइका, तारादेइ गोसाइ तिपाय । हिम्जिउकि । सूर्यग्रहण चंद्रग्रहण संकल्प घालि पसा करि अविन । असेल म पनि । आचंद्रार्कस्थायी । सर्व्वबाधाविनि-र्मुक्त । चतुःसीमापर्यन्त विशुद्ध सर्वकरअकर् । सर्वसेवाविरहित् । कनकपत्रकि भाषा करि । शासन् । दोहोलि करि गोल्हु जोइसिं पसा करि अक्न्यांछुँ । [२]

तीन

...अस्मिन् श्रीशाके १३१५ मार्गशिरसुदि १२ रविवासरे । मेदिनीव्रह्म राउलो वचन् । गमका अधिकारि कार्कि महत्यार् रोकाह्याप्रति । आलो १ ।। अपडाहढाको एकत्र आलो कि दोहोलि कि थान् कि सत्ताडस थान कि रित कि। दत्त जोइसि देउराज् जोइसि पसा कियाछु । [३]

चार

...श्रीशाके १३३६ पौषशुदि १५ वुधदिने निशाकरपर्वणि । सक्तिवर्म राउलो आदिस् ।। कांपिलिका कान्क अधिकारि वुढाथापा । रोकाया । बुढां समैप्रति । आलो १ किंवड् ढुम्कोट् । एकत्र घालि । चँद्रग्रहण तिलेकुसेशहित् सँकल्प घालि चँद्रार्क्कस्थाइ । सर्वकरअकर् । सर्वबाधाविनिमुर्क्तः । चतुःसीमापर्यंत ।

---

२. जुम्ला श्रीछुस्काका मनप्रसाद रेग्मीसँग रहेको कनकपत्र । यो कनकपत्र सबभन्दा पहिले वि. सं. २०१२ मा काठमाडौंबाट इतिहास – प्रकाश – मण्डलद्वारा प्रकाशित *इतिहास–प्रकाश*को १ अङ्कमा योगी नरहरिनाथको (*५६६ वर्ष पुरानु जुम्ला सिजा (सेञ्जा) का भट्टारक महाराजाधिराज पृथ्वीमल्लदेवको) कनकपत्र* भन्ने निबन्धमा (११३–११६ पृष्ठमा) छापिएको हो । यसपछि वि. सं. २०१३ मा काठमाडौंबाट इतिहास–प्रकाशक–संघद्वारा प्रकाशित, *इतिहास–प्रकाश*को २ अङ्क १ भागमा योगी नरहरिनाथको *कर्णालीप्रदेश* भन्ने निबन्धमा (४९ –५७ पृष्ठमा) छापिएको हो । यसपछि वि. सं. २०२८ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित, सत्यमोहन जोशीको *कर्णाली लोक संस्कृति खण्ड १ इतिहास*मा छापिएको हो । यसपछि वि. सं. २०३६ मा काठमाडौंबाट चन्द्रविक्रम बूढाथोकीद्वारा प्रकाशित उनको *ऐतिहासिक पत्रसंग्रह (जुम्ला जिल्लामा प्राप्त)* का ९२ – ९७ पृष्ठमा छापिएको हो । वि. सं. २०३९ मा जुम्ला जाँदा मूल कनकपत्रबाटै पाठ सच्याइएको थियो र श्रीगुन्टर उन्बेसाइडले यस कनकपत्रको फोटो खिंच्नुभएको थियो ।

३. जुम्लाकोटको ताम्रपत्र । यो ताम्रपत्र *इतिहास – प्रकाश*को २ अङ्क १ भागमा (१०३–१०६ पृष्ठमा) छापिएको छ । *कर्णाली लोक संस्कृति खण्ड १ इतिहास*मा र वि. सं. २०२८ मा काठमाडौंबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित, चूडामणि बन्धुको *कर्णाली लोक संस्कृति खण्ड ४ भाषा*मा छापिएका यसका फोटाबाट पाठ सच्याई यहाँ दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

विशुध दोहॅलि साचा ताँमापत्र करि। सांछन् जोइसि पसा किँऔंछु ।[४]

पाँच

... अत्र शाके १३४३ मार्गसिरमाशे। शुदि एकादस्यान्तिथौ वुधवाशरे। उर्दसिह रज्वार। सुमतिवं रज्वार एति राजायेलै तिलेकुशे। संकल्प कि दोहोलि दत्त की ताम्रसासन् की पश की अक्न्योछ। सुमेसर उपाध्यायेलै पावोछ।[५]

छ

...श्रीशाके १३४३ माशे १० तिथौ ० वाशरे ६ श्रीराजराजेश्वरसुमतिवर्म रजवारलै काटँगाँवका आला २ पातलिका अधालासहित नवाकोटको आलो डेढ् नाद्रिशहित् स्याउधाविशौं निका अँधाउ उधो। तिलेकुशे संकल्प करि दोहोलि दत्त कि सुमतिवर्म पशा कियो। सुमेसर उपाध्यालै पायो।[६]

योगी नरहरिनाथले २ सङ्ख्याको ताम्रपत्रको वर्तमान नेपाली भाषामा उलथा गर्नुभएको छ। त्यसबाट उहाँले दोहलि करिको अर्थ दोहऱ्याई भन्ने सम्झनुभएको रहेछ भन्ने बुझिएको छ—

अचेल मैले पनि चन्द्र सूर्य रहुञ्ज्याल स्थायी. सव टंटा रहित. चारकिल्ला सम्म विशुद्ध. सर्वकर अकर. सर्वै सेवा देखि रहित. कनकपत्रको भाषा गरि शासन (=आज्ञापत्र) दोहऱ्याइ (दोहोलो गरि ?) गोल्हु जैसिलाई प्रसाद गरि (विर्ता) दियेको छु।[७]

ज्यूजेपे तुच्चीले २ सङ्ख्याको दानपत्रको फोटो छपाएका छन्[८] र त्यस दानपत्रको विषयमा केही टिप्पणी पनि

---

४. बझाङ ब्यासीगाउँको ताम्रपत्र। यो ताम्रपत्र वि. सं. २०३६ मा प्रकाशित *कन्ट्रिब्युशन्ज् टु नेपालिज् स्टड्इज्*को ६ वर्षको २ अङ्कमा राजाराम सुवेदीको *वझाङ जिल्लाका वाह्र अभिलेखहरू* भन्ने निवन्धमा (९४–९५ पृष्ठमा) छापिएको छ। राजाराम सुवेदीको सौजन्यले उहाँसँग रहेको नेगेटिभबाट तयार गरिएको फोटोबाट पाठ सच्याई यहाँ दिइएको छ।

५. नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको यस ताम्रपत्रको नेगेटिभबाट तयार गरिएको फोटोबाट यो पाठ पढिएको हो।

६. बाजुराकोटदरबारमा राजेन्द्रविक्रमसंग रहेको ताम्रपत्र। नेपाल राष्ट्रिय अभिलेखालयमा रहेको यस ताम्रपत्रको छापा र नेगेटिभबाट तयार गरिएको फोटोबाट यो पाठ पढिएको हो।

यी दानपत्रहरूको पाठनिर्णय रमानन्द आचार्य, बर्न्हार्ड क्योलभर र मसमेत भई गरिएको हो।

७. *इतिहास–प्रकाश*को १ अङ्कका ११४–११५ पृष्ठ।

८. वि. सं. २०१३ मा रोमबाट इस्तित्युतो इतालिआनो पर इल मेदिओ एद एस्त्रेमो ओरियन्तद्वारा प्रकाशित, ज्यूजेपे तुच्चीको *प्रिलिम्इनरि रिपर्ट् अन् टू साइन्टिफ्इक् एक्स्पिडिश्अन्ज् इन् नेपाल्* (नेपालमा दुइ पटक विधिपूर्वक गरिएका अनुसंधानात्मक भ्रमणबारेको उठानको बयान) को २१ सङ्ख्याको चित्र।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

गरेका छन् ।[९] त्यस टिप्पणीबाट उनले पनि दोहलि करि भनेको दोहऱ्याई भन्ने सम्झेका रहेछन् भन्ने बुझिएको छ—

देन् इन् पर्वतिया द डोनेशन् अफ् सम् ल्यान्ड्ज् यान्ड् प्रिभिल्इज्इज् इज् प्रोक्लेम्ड्; (मेन्शन् अफ् आदित्य मल्ल राइ, पुण्यमल्ल राइ, तारा देइ गोसाइनी इज् मेड्) । द डोनेशन् वज् मेड् इन् द किङ'ज् बर्थ् डे; दि अरडर् इज् नोट्इफाइट् टु दि अधिकारिन्ज् यान्ड् अदअर् अफिश्अल्ज् अफ् जुम्ला, दुल्लु, कुड्वना, पलातारा, कस्कोट् । दि अर्डर् वज् इस्युड् इन् टू कपीज् वन् अफ् ह्विच् वज् गिभ्न् टु गोह्न॒ जोइसि हू वज् अपइन्टड् टु इन्जइन् इट्स् कन्टेन्ट्स् ।[१०]

[अनि पर्वते भाषामा, केही जग्गा दान दिएको र छूट दिएको कुरा प्रकट गरिएको छ; (आदित्य मल्ल राइ, पुण्यमल्ल राइ, तारा देइ गोसाइनीको जिकिर गरिएको छ) । त्यो दान ती राजाको जन्मोत्सवको दिन गरिएको थियो; त्यो आदेश जुम्ला, दुल्लु, कुड्वना, पलातारा, कस्कोटका अधिकारीहरू र अरू कर्मचारीहरूलाई थाहा दिइएको छ । त्यस आदेशको दुइ प्रति बनाइएको थियो । तीमध्ये एउटा यसमा बताएका कुराको अधिकार गर्न तोकिएका गोह्न॒ जोइसिलाई दिइएको थियो ।]

योगी नरहरिनाथले पछि वि. सं. २०१२, २०१६ र २०२२ मा पनि दुइ सङ्ख्याको दानपत्र प्रकाश गर्दा

दोहोलि = दोहोलो, दोहोरो गरि[११]

भनी लेख्नुभएकोले उहाँले दोहोलि करिको अर्थ दोहऱ्याई नै भन्ने ठानीरहनुभएको रहेछ भन्ने कुरामा शङ्का छैन ।

श्रीबालकृष्ण पोखरेलको दोहलि शब्दको अर्थगराइ पनि दोहोरो नै भन्ने भएको कुरा दुइ सङ्ख्याको दानपत्रको उहाँले गरेको उल्थाबाट र त्यहाँ परेका विशेष शब्दको व्याख्याबाट, त्यस्तै तीन सङ्ख्याको दानपत्रको उल्थाबाट पनि नबुझिने होइन—

अहिले मैले पनि सूर्य–चन्द्र रहुन्जेल सम्मको लागि स्थायी हुने गरी सबै विघ्न बाधादेखि मुक्त गरी विशुद्ध चौकिल्ला बनाएर सोही शासन (अर्थात् आदित्यमल्ल एवं पुण्यमल्लको भाकापत्र) लाई दोहोऱ्याउँदै सबै करहरू मिनाहा भएको सबै सेवाहरूबाट छुटकारा पाएको यो कनकपत्रको भाकापत्र गरी गोल्हु

---

९. उही पुस्तकका ११२–११३ पृष्ठ ।

१०. उही पुस्तकको ११३ पृष्ठ ।

११. *इतिहास–प्रकाश*को २ अङ्क १ भागको ५३ पृष्ठ ।

वि. सं. २०१६ मा काठमाडौंबाट हिमवत्संकृति–सञ्चालकसमितिद्वारा प्रकाशित *हिमवत्संस्कृति*को १ वर्ष १ अङ्कमा छापिएको योगी नरहरिनाथद्वारा प्रकाशित पृथ्वी मल्लको कनकपत्र, सो अङ्कको ३७ पृष्ठ ।

वि. सं. २०२२ मा काठमाडौंबाट योगी नरहरिनाथद्वारा प्रकाशित, उनेको *इतिहास–प्रकाशमा सन्धि–पत्रसंग्रह*को ७६५ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

जैसीलाई दान दिएको छ ।[१२]

दोहोलिः दोहोरो । यो स्त्रीलिङ्गी रूप हो । अचेल धामीहरूको मुखबाट निस्कने 'दोहोलो' पुंलिङ्गी रूप हो ।[१३]

अंषढाइ ढांको जस्मा डेढ खेतको (झाकालाई) दोहोऱ्याएर (एक) थानको सत्ताइस थानको रीतले दत्त जैसी र देवराज जैसीलाई प्रसाद गरेको छ ।[१४]

दोहोलि शब्दको विषयमा श्रीपूर्णप्रकाश नेपाल 'यात्री'को विचार पनि पूर्वसूरिहरूको भन्दा फरक छैन भन्ने कुरा एक सङ्ख्याको अभिलेखको व्याख्या गर्दा उहाँले लेख्नुभएका तलका वाक्यबाट बुझिन्छ—

त्यसरी नै यस वाक्यांशको भावार्थ कति सरल अनुभव हुन्छ 'यति आला सर्बकर अकर दोहोली करि पसाकि अक्याछुं' यसको आधुनिक स्तरीय शैली हुन्छ 'यति खलाहरू सबै प्रकारका कर नलाग्ने गरी दोहोरी गरी पास गरिदिएको छ।[१५]

यति याला सर्बकर अकर दोहोलिकरि पसाकि अक्याछुं = यति खलाहरू सबै प्रकारका करदेखि अकर गरी दोहोरी पास गरिदिएको छ ।[१६]

खस राजाहरूका अभिलेखमा पाइने शब्दहरूको निर्वचन गर्ने कोशिश गरी श्रीहर्षनाथ शर्माले एउटा लेख लेख्नुभएको छ । उहाँको निर्वचनबाट पनि दोहोलि शब्दको अर्थ दोहोरो भन्ने नै देखिएको छ –

दोहोलि = दोहोरि = दोहोरो = (दुवैतर्फ) = सं. द्वि ।[१७]

*अमरकोष*मा कोसेली वा सौगातलाई बुझाउने प्राभृत, प्रदेशन, उपायन, उपग्राह्य, उपहार र उपदा गरी छवटा शब्द दिइएका छन्–

---

१२. वि. सं. २०२० मा ललितपुरबाट जगदम्बा–प्रकाशनद्वारा प्रकाशित, बालकृष्ण पोखरेलको *पांच शय वर्ष*को ८ पृष्ठ ।

वि. सं. २०३१ मा काठमाडौँबाट साझा प्रकाशनद्वारा प्रकाशित उही पुस्तकको ९ पृष्ठ ।

१३. उही पुस्तकको पहिलो संस्करणको ११ पृष्ठ ।

उही पुस्तकको दोस्रो संस्करणको ११ पृष्ठ ।

१४. उही पुस्तकको पहिलो संस्करणको २१ पृष्ठ ।

उही पुस्तकको दोस्रो संस्करणको १८ पृष्ठ ।

१५. *वाणीसाधना*को १ वर्षको १ अङ्कको ७६ पृष्ठ ।

१६. उसैको ८२ पृष्ठ ।

१७. वि. सं. २०३९ मा काठमाडौँबाट नेपाल राजकीय प्रज्ञा–प्रतिष्ठानद्वारा प्रकाशित, बालकृष्ण पोखरेलद्वारा सम्पादित *पच्चीस वर्षका भाषिक चर्चा*मा छापिएको हर्षनाथ शर्माको *प्राचीन अभिलेखमा प्रयुक्त नेपाली शब्दहरूको निर्वचन* भन्ने निबन्ध, सो पुस्तकको २५१ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

प्राभृतं तु प्रदेशनम् ।
उपायनमुपग्राह्यमुपहारस्तथोपदा[१८]

नेपाल राष्ट्रिय अभिलेखालयमा चौथो ५९० सङ्ख्यामा नेवारी भाषामा अर्थसमेत दिई लेखिएको *अमरकोष* छ । त्यसको माइक्रोफिल्मको रीलसङ्ख्या बी १४/११ हो । त्यो पुस्तक वि. सं. १५३८ मा अर्जुनदेवको पालामा लेखिएको हो ।[१९] त्यस पुस्तकमा ३९ ख पत्रको चौथो लहरमा उपायनं उपग्राह्यं उपदा लेखी डोह भनी नेवारीमा पर्याय दिइएको छ ।[२०]

राष्ट्रिय अभिलेखालयमा पाँचौं ८९० सङ्ख्यामा नेवारी भाषामा अर्थसमेत भएको अर्को *अमरकोष* छ । त्यसको माइक्रोफिल्मको रीलसङ्ख्या बी १४/२५ हो । त्यो पुस्तक वि. सं. १४८६ मा लेखिएको हो ।[२१] त्यस पुस्तकमा ६९ क पत्रको दोस्रो लहरमा उपायणं उपग्राह्यं ‸ उपहार ‸ उपदा ‸ लेखी अनि नेवारीमा डोहनी भनी अर्थ दिइएको छ ।

राष्ट्रिय अभिलेखालयमा पाँचौं ३४९० सङ्ख्यामा नेवारी भाषामा अर्थसमेत दिइएको अर्को पनि *अमरकोष* छ । त्यसको माइकोफिल्मको रीलसङ्ख्या बी २६५/२१ हो । त्यो पुस्तक वि. सं. १५७४ मा लेखिएको हो ।[२२] त्यस पुस्तकको ४३ क पत्रका ७–८ लहरमा उपायनं ‸ उपग्राह्यं ‸ उपहार ‸ उपदा ।। लेखी नेवारीमा दोहरपे भनी अर्थ लेखिएको छ ।

---

१८. *अमरकोष* २ । ८ । २७–२८

१९. इति अमरसिंहकृतं नामालिङ्गानुशासनं समाप्तमिति ।। नेपालभाषाकृ(तं) ।। श्रेयोऽस्तु सम्वत् ५०१ भाद्रपदशुक्लद्वादस्यायां ।। धनेष्ठनक्षत्रे ‸ आदीतवासरे ।।०।। राजाधिराजपरमेश्वरपरमसदारिकः । श्रीश्रीजयार्जुन(देव)स्य विजयराजे लिखितमितिः । श्रीसातीगलस्थानाधिवाशिनः चोविहार ‸ व्येद्यश्रीजसराजनाम्नेन लिखितं । स्वपदार्थहेतुना ‸ स्वपुस्तकोयः ।।

(वि. सं. २०२६ मा काठमाडौंबाट राष्ट्रिय अभिलेखालयद्वारा प्रकाशित, पूर्णरत्न वज्राचार्यद्वारा सम्पादित, नेपाल–राष्ट्रियाभिलेखालयस्य–हस्तलिखित–पुस्तकानाम् बृहत्सूचीपत्रम् (नेपाल राष्ट्रिय अभिलेखालयमा रहेका लेखोट पुस्तकहरूको ठूलो सूचीपत्र) को ९ भागका १०–११ पृष्ठमा यस *अमरकोष*को परिचय छापिएको छ, पुष्पिका पनि दिइएको छ । काशीनाथ तमोटद्वारा सम्पादित यो *अमरकोष* वि. सं. २०३९ मा *पुत्रपौत्रादिबोधिनी*नाउँले काठमाडौंबाट पासामुनाद्वारा प्रकाशित भएको छ । त्यस पुस्तकको ७६ पृष्ठमा पुष्पिका छापिएको छ । मूलबाटै हेरी शुद्ध पाठ यहाँ दिइएको छ ।

२०. उपहार– डोह

(*पुत्रपौत्रादिबोधिनी*को ३७ पृष्ठ)

२१. ? स. ५५० फाल्गुणकृष्णचतुर्द्दशीदिने लिखितमिति ‸ शुभ ।।०।।

(*बृहत्सूचीपत्र*को ९ भागको ११ पृष्ठमा यो पुष्पिका छापिएको छ । मूलबाटै हेरी शुद्ध पाठ यहाँ दिइएको छ ।)

२२. इति अमरसिंहकृतं नामलिंगानुशासनं समाप्त ।। नेपालभाषाकृतं ।। ० ।। श्रेयोऽस्तु सम्वत् ६३७ श्रावणशुक्लचतुर्थ्यायान्तिथौ ‸ उत्रफार्गुणिनक्षत्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu

नेवारी भाषाका आधुनिक कोषहरूमा दिनु, चढाउनु वा समर्पण गर्नुका अर्थमा दोहलपे, दोहलपा वा द्वहलपा शब्द दिइएका छन्–

दोहलपे [सीएफ् एस्. दुह्. टु मिल्क्, — टु टेक् याड्भान्टिज् अफ् ?], भी. टी. दक्षिणा ~ टु गिभ् रिवर्ड् . . .[२३]

[दोहलपे [संस्कृत दुह् = दुहनुसँग दाँज्नू । ठग्नु ?] सकर्मक क्रिया दक्षिणा दोहलपे = दक्षिणा दिनु]

दोहलपे = (क्रि.) समर्पण गर्नु ।[२४]

समर्पण — (ना.) दोहलपा, देछा ।[२५]

द्वहलपा (नां) समर्पण –डेड्इकेशन्[२६]

त्यस्तै गरेर नेवारीका पुराना लिखतमा पनि डोहरपा वा दोहलपा शब्द भेटिन गएका छन्—

एक

. . . स ४२७ श्रावनशुद्धिसप्तमी श्रीअनन्तमलदेवस प्रभुतन थव भण्डीरिगण भारा पशुपतिसके दुन्त ०\ भण्डार पिङ्काया तिपुर सास्यं देवभण्डार लिकाढरप ०\ श्रीपशुपतिस डोहरपा भोंत वङ...[२७]

---

२३. वि. सं. १९९२ मा कोपनह्यागनबाट लेभिन यान्ड मुन्स्कगार्डद्वारा प्रकाशित, हान्स योर्गेन्सेनको *ए डिक्शनरि अफ् क्ल्यासिकल् नेवारी* (पुरानो नेवारीको कोष) को ९५ पृष्ठ ।

२४. वि. सं. २०१२ मा काठमाडौँबाट रत्नप्रसाद जोशीद्वारा प्रकाशित, पन्नाप्रसाद जोशीको *संक्षिप्त नेपाल भाषा शब्दकोश*को परिशिष्टको २ पृष्ठ ।

२५. वि. सं. २०३४ मा ललितपुरबाट नेपालभाषा लिधँसा सफूचा पिथना गुथिद्वारा प्रकाशित, काशीनाथ तमोटद्वारा सम्पादित *पाठ्य संस्कृत–नेपालभाषा खँग्वः– धुकूचा* (नेवारी पाठ्यपुस्तकमा आउने संस्कृत शब्दहरूको नेवारीमा अर्थ भएको सानो कोष) को ३० पृष्ठ ।

२६. वि. सं. २०३९ मा काठमाडौँबाट नेपाल लिपि गुथिद्वारा प्रकाशित, "जः" विकाशमान स्यस्यःको *सर्वय्* (सर्वस्व) को ५२ पृष्ठ ।

२७. नेपाल राष्ट्रिय अभिलेखालयको पहिलो १५८३ सङ्ख्याको *गोपालराजवंशावली*को ४२ क पत्र । *हिमवत्संस्कृति*को १ वर्ष १ अङ्कमा छापिएको योगी नरहरिनाथको *गोपालवंशावली* भन्ने निबन्धमा (९–२५ पृष्ठमा) र वि. सं. २०२३ मा कलकत्ताबाट फर्मा के. एल. मुखोपाध्यायद्वारा प्रकाशित, डिल्लीरमण रेग्मीको मेडिईभल् नेपाल् (मध्यकालको नेपाल) को ३ भागको पहिलो खण्डका ११२–१५७ पृष्ठमा सम्पूर्ण *गोपालराजवंशावली* छापिएको छ । यो अंश वि. सं. २०२१ मा प्रकाशित *पूर्णिमा* ४ अङ्कमा छापिएको धनवज्र वज्राचार्यको *डोयहरू को हुन् ?* भन्ने निबन्धमा (२७ पृष्ठमा) पनि परेको छ । मूलसँग मिडाई शुद्ध पाठ यहाँ दिइएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

दुंइ

थो लवु ग्वलम्भण्डार खुया श्रीश्रीजयस्थितिराजमलदेवसन यऱ्हंया प्रधान ्प्रधान खुं ज्वोंजकं हस्य० ्वाऱ्हंपीण्टाखोशीस स्याचक० ् भण्डार श्रीपशुपतिस डोहरपाटो० ्।। ।।[२८]

तीन

...सम्वत् ५३५ पौषशुक्लपूर्णमाश्याम् दिने पुनर्वसुनक्षत्रे वेधृतीयोगे ।। बुधवासरे ।। राजाधिराजपरमेश्वर-परमभट्टारकश्रीश्रीमत्जयजोतिमल्लदेवस्य विजयराज्ये ।। श्रीमानीगलश्रीवंथुनिह्न गृहांगणाधिष्ठितपरमेश्वरश्रीसदाशिवश्रीश्रीमणिकेश्वरभट्टारकस्य स एव गृहाधिवास्तव्यपात्रश्रीयेंकुलिवम्मंणा ।। भार्याश्रीमधनलक्ष्मीतनयश्रीजयसिंहसहितेन ।। शिवरात्रवृतोद्यापननिमित्तेन शिवरात्र चतुर्द्दशि कुन्हु परमेश्वरश्रीश्रीसदाशिवके दंश दंश अविच्छिन्न याङ पंचामृतस्नान होम बिल्वपत्रारोहण पुजा याये उद्देश्यन, थंसि थलिः लिबु क्षेत्र रोव स्वँत्या निक्षेप दान याङ श्रीश्रीसदाशिवसं दोहरपा जुरों ।।[२९]

चार

थ्वते बिमति याङाओ : हानं स्व चाकर प्रदक्षिणा याङाओ शिलं भोक पुसे नमस्कार याङाओ : दक्षिणा दोहलपाओ थ्व बनिया यओ छेसं लिहा ओय धकं चोनं ।।[३०]

यतासम्मका कुराबाट *अमरकोष*का पुराना नेवारी उल्थाबाट माथि जुन उद्धरण दिइए, तिनबाट संस्कृत उपहारको पर्यायमा नेवारीमा डोह, डोहनी वा दोहरपे दिइएको देखिएको छ; त्यसै गरेर नेवारी भाषाका आधुनिक कोषहरूबाट दोहलपे, दोहलपा वा द्वहलपाको अर्थ समर्पण अर्थात् चढाउनु भन्ने रहेछ भन्ने स्पष्ट हुन्छ र नेवारीका पुराना लिखतहरूमा पनि डोहरपा वा दोहलपा शब्द भेटिएका छन् भन्ने कुरा बुझिएको छ।

नेवारीका पुराना लिखतहरूमा आएको डोहरपा वा दोहलपा शब्दको अर्थ ती लिखत उल्था गर्नेहरूले समर्पण, चढाउनु वा दिनु गरेका छन् भन्ने कुरा यहाँनेर सम्झनुपरेको छ—

---

२८. *गोपालराजवंशावली*को ५६ ख पत्र । यो अंश वि. सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ७ अङ्कमा छापिएको, धनवज्र वज्राचार्यको *शक्तिशाली भारादार रामवर्द्धनहरू र तात्कालिक नेपाल* भन्ने निबन्धमा (२५ पृष्ठमा) पनि परेको छ। मूलसँग भिडाई शुद्ध पाठ यहाँ दिइएको छ ।

२९. वि. सं. २०२० मा काठमाडौंबाट संशोधन–मण्डलद्वारा प्रकाशित, रामजी तेवारी, देवीप्रसाद भण्डारी, भोलानाथ पौडेल, शङ्करमान राजवंशी, धनवज्र वज्राचार्य, गौतमवज्र वज्राचार्य, महेशराज पन्त, नयनाथ पौडेलको *अभिलेख–संग्रह* १० भागको ३ पृष्ठमा छापिएको पाटन भण्डारखालको यंकलिवर्माको अभिलेख ।

३०. वि. सं. १९८८ मा लन्डनबाट रोयल एशियाटिक सोसाइटीद्वारा प्रकाशित, हान्स योर्गेन्सेनद्वारा सम्पादित र अङ्ग्रेजीमा उल्था गरिएको *विचित्रकर्णिकावदानोद्धृत*को ८२ पृष्ठ। योर्गेन्सनले अकारान्त शब्द जतिलाई हलन्त पारेर र थ्वलाई थ्वो र स्वलाई स्वो पारेर छपाएका छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

एक

ने. सं. ४२७ (वि. सं. १३६४) श्रावणशुक्ल सप्तमीका दिन श्रीअनन्त मल्लदेवले आफ्नो प्रभुत्वद्वारा आफ्नो भण्डारका सारा सरसामान झिकी पशुपतिनाथलाई चढाए, तिपुरको देवभण्डार झिकी त्यो पनि पशुपतिनाथलाई चढाई बनेपा गए।[३१]

दुइ

यसै वेला देउपाटनको भण्डारमा चोरी भएको हुँदा श्रीश्रीजयस्थितिराजमल्लदेवले ललितपुरका ठूल–ठूला चोर पक्रन लगाई बाह्रंपीण्टो खोलामा काट्न लाए। भण्डार श्रीपशुपतिलाई चढाइयो।[३२]

तीन

पूजा गर्ने उद्देश्यले थाँसिथलि लिबुको साढे तीन रोपनी खेत श्रीश्रीसदाशिवमा समर्पित गरियो।

यहाँ 'डोह' शब्दमा रपा प्रत्यय जोडेर 'डोहरपा' शब्द बनाइएको छ। यो शब्द नेवारी भाषामा अन्त अन्त पनि ठाउँ ठाउँमा प्रयोग भएको पाइन्छ। किन्तु यो 'डोह' शब्द संस्कृतभाषाको शब्द होइन। यस कारण यो शब्द तात्कालिक जनभाषाको शब्द हो कि भन्ने अनुमान हुन्छ।[३३]

चार

सो ही प्रेड्; यान्ड् देन् द मर्चन्ट् सर्कम्याम्ब्यूलेट्इड् हिम् विथ् रेभ्रअर्अन्स्, पेड् हिम् हम्इज्, बाउइङ हिज् हेड्, बिस्टोड् गिफ्ट्स् अप्न् हिम्, यान्ड् अनाउन्स्ड् हिज् इन्टेन्शन् टु रिटर्न् होम् (स्याट् सेइङ, आइ श्याल् गो...)।[३४]
[यसरी उसले बिन्ती गर्‍यो; अनि त्यो बनियाले आदरपूर्वक उहाँलाई प्रदक्षिणा गर्‍यो, शिर झुकाएर नमस्कार गर्‍यो, उहाँलाई दक्षिणा दियो र घर फर्कने आफ्नो विचार भन्यो (म जान्छु भनी ··· बस्यो)]

नेवारी भाषामा डोहरपा, दोहलपा जस्ता शब्द चढाउनु भन्ने अर्थमा भएको देखेर गुरु धनवज्र वज्राचार्यले पृथ्वी मल्लको अभिलेखमा आएको दोहोलि करि भन्ने शब्द र नेवारी अभिलेखमा आएको दोहोलपा भन्ने शब्दको मूल एउटै हो भनी ठहऱ्याउनुभयो र पृथ्वी मल्लको अभिलेखको दोहोलि करिको वास्तव अर्थ सम्मानपूर्वक दिएर भनी गर्नुभयो भन्ने कुरा उहाँको तलको लेखाइबाट बुझिन्छ—

---

३१. *पूर्णिमा* ४ अङ्कको २७ पृष्ठ।

३२. *पूर्णिमा* ७ अङ्कको २५ पृष्ठ।

३३. वि. सं. २०२२ मा प्रकाशित *पूर्णिमा* ५ अङ्कमा छापिएको गौतमवज्र वज्राचार्यको *'रपा'–प्रत्यय– नेवारी भाषामा एउटा नयाँ खोज* भन्ने निबन्ध, सो अङ्कको ३४ पृष्ठ।

३४. *विचित्रकर्णिकावदानोद्धृत*को २४० पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

खेतको परिमाणलाई बुझाउने शब्दको रुपमा 'आलि' शब्द यता कर्नालीप्रदेशमा पनि प्रचलित देखिएको हुनाले यस प्रदेशको लिच्छविकालसंगको सम्बन्धलाई औंल्याएको छ जस्तो मलाई लाग्छ।

बुं, द्याँ – यस प्रसङ्गमा भूमिसम्बन्धी एक दुइ अरू शब्दको पनि चर्चा गर्नु आवश्यक संझेको छु। यसबाट पनि उपर्युक्त कुरा बुझ्न केही मदत हुनेछ भन्ने मलाई लाग्छ। पृथ्वीमल्लहरूका ताम्रपत्रहरूमा खेत, गाउँका नामका रूपमा आएका केही शब्द बडो विचारणीय छन्। उदाहरणार्थ एक वाक्य यहाँ उद्धृत गरिन्छ –

'आ १ थिडबुं खिपैंको। छिद्याँको जाँबु गाउँ १ एति वृत्ति'
यहाँ बिर्ता दिइएका ठाउँ, खेतका नाउंका रूपमा आएका 'थिडबुं,' छिद्याँ, जाँबु यी शब्दले ऐतिहासिक तथ्यलाई औंल्याएको देखिन्छ। 'बुं' शब्द खेतलाई कहने प्रसिध्द शब्द हो। लिच्छविकालका अभिलेखमा पनि यो शब्दको उल्लेख पाइन्छ। पाटन छिन्नमस्ताको अभिलेखमा 'थबूं' को उल्लेख छ। बलम्बूको अभिलेखमा 'सलंबूं' को उल्लेख छ। अरू पनि यस्ता उल्लेख पाइन्छन्। 'खेतको डिल'लाई कहने 'द्याँ' पनि प्रचलित शब्द हो।~

~ यसै गरी पानीलाई कहने 'लंख' शब्द लिच्छविकालमा पनि प्रचलित थियो। 'लंखुनाडा'को रुपमा यता का अभिलेखमा यसको उल्लेख आएको छ पृथ्वीमल्लको कनकपत्रमा 'कनकपत्रकि भाषा करि शासन दोहोलि करि गोल्हूँ जोइसिँ पसा करिअक्याँछुँ' भन्ने लेखिएको छ। यहाँ प्रयुक्त "दोहोलि करि' को अर्थ योगी नरहरिनाथ बालकृष्ण पोखरेलहरूले 'दोहोरो गरि' भन्ने गर्नु भएको छ। तर सो अर्थ प्रसङ्ग मिल्दो छैन। नेपालउपत्यकाका अभिलेखबाट यसको अर्थ खुल्छ। 'सन्मानपूर्वक दिनु' भन्ने अर्थमा 'दोहोलपा' प्रयोग त्यहाँका अभिलेखमा पाइन्छ। यता पनि उहि अर्थमा 'दोहोलि करि' शब्द प्रयोग गरेको देखिन्छ। धातु उही हो प्रत्यय मात्र फरक छन्।[३५]

राजस्थानको जोधपुरमा बामणेरा भन्ने ठाउँमा पाइएको वि. सं. १२२० को ताम्रपत्रबाट हाम्रो विषयमा केही प्रकाश पर्ने भएकोले त्यो ताम्रपत्र यहाँ उतार्नुपरेको छ—

ओं ।। संवत् १२२० श्रावण वदि १५ वु(बु)धे रविग्रहणे व्रा(ब्रा)ह्मणसंघीरणसुतनारायण डोहलिका दत्ता महाराजाधिराजश्री आ[ल्हणदे]वकुमरकेल्हणराज्ये कोरंटके महाराजपुत्र [श्री]कुमरसीहपुत्रेण अजयसिहेन [।] आदीत(दित्य) ऊगमणियो [इ]सोक्षेत्र(त्रं) वीजी सीम आसादीतक्षे[त्रं] त्रीजो सीम वडहरापुंनसीहक्षेत्रं चतुर्थसीम वइदक्षेत्रं ।। व(ब)हुभिर्वसुधा भुक्ता राजभि(भिः) [स] गरादिभिः [।] यस्य यस्य यदा भूमि तस्य तस्य तदा फ[लं] ।। १ गोहत्या व(ब्र)ह्मह[त्या]

---

३५. वि. सं. २०२८ मा छिनासिमबाट भीमप्रसाद श्रेष्ठद्वारा प्रकाशित र सम्पादित, *कर्णाली प्रदेश एक बिटो अध्ययन*मा छापिएको धनवज्र वज्राचार्यको *कर्नालीप्रदेशको ऐतिहासिक रूपरेखा* भन्ने निबन्ध, सो पुस्तकका ५६-५७ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

च वा(बा)लहत्या तथैव च [।] विप्रहत्या रिषिहत्यावभजकः [तेन] लिप्यते [।।२] लिखितमिदं हीनाक्षर अधिकाक्षरं वा प्रमाणमिति ।। राजपुत्रश्रीकीति(र्ति)पालदेवमतं स्वहस्तश्च ।। दू. चामुंडराजः ।।[३६]

वि. सं. १२२० श्रावणकृष्ण अमावास्या बुधवारको दिन सूर्यग्रहण लागेको बेलामा एकजना बाहुनलाई जग्गा दान दिई गरिदिएको यस दानपत्रमा ब्राह्मणसंधीरणसुतनारायण डोहलिका दत्ता भनी लेखिएकोले हामीलाई विचार गर्न सूत्र मिलेको छ जस्तो मलाई लागेको छ । नारायण भन्ने एक जना बाहुनलाई जग्गा दान दिई गरिदिएको यस ताम्रपत्रमा डोहलिका दत्ता भनी लेखिएको र पश्चिम नेपालका खस राजाहरूले बाहुनहरूलाई जग्गा दान दिई गरिदिएका ताम्रपत्रमा दोहोलि करि, दोहोलि कि, दोहलि साचा ताँमापत्र करि, दोहोलि दत्त की भनी लेखिएकोले डोहलिका वा दोहलि शब्दको मूल एउटै भएको र उस्तै अर्थमा यिनको प्रयोग पनि भएको कुरा देखिन गएको छ ।

प्रसिद्ध ऐतिहासिक देवदत्त रामकृष्ण भाण्डारकरले डोहलिका राजपूतानाको स्थानीय शब्द हो र यसको अर्थ ब्राह्मण, स्वामी, साधुहरूलाई दिइएको जग्गा हो भनी लेखेको कुरा पनि यस प्रसङ्गमा हामीले सम्झनुपरेको छ ।[३७]

भारतमा अङ्ग्रेजी राजमा चलिरहेका अदालती र मालपोतसम्बन्धी शब्दहरूको होरेस हाइमन विल्सनले तयार गरेको अभिधानमा लेखिएका तलका वाक्य पनि यस प्रसङ्गमा स्मरणीय छन्—

दोहली, दोह्ली, अर् दोह्री एच्. (... दोहली) सर्भिस् ल्यान्ड्, अर् ल्यान्ड्ज् ग्रान्ट्इड् रेन्ट्–फ्री बाइ जमिन्दार्ज् टु भिलइज् सर्भन्ट्स्, टु पूर् रेलअटिभ्ज्, अर् रिलिज्अस् मेन्डिकन्ट्स् । इन् सम् प्लेस्इज् इट् इज् कन्फाइन्ड् टु ल्यान्ड् गिभ्न् टु ब्राह्मन्ज् । द टर्म्ज् आर् अल्सो अप्लाइड् टु द पर्क्विजिट् अफ् फकिर्ज् ग्राट् हार्भिस्ट् टाइम् (देह्लि)[३८] ।

---

३६. वि. सं. १९७२ मा कलकत्ताबाट भारतसरकारद्वारा प्रकाशित, *एप्इग्राफ्इया इन्डिका* (भारतीय अभिलेख-सङ्ग्रह) को १३ भागमा छापिएको एम. बी. गर्देको *श्री कप्अर्–प्लेट् ग्रान्टस् अफ् द टाइम् अफ् द चाहमान केल्हण* (चाहमानवंशका केल्हणको पालाका ताँबाका पाटामा लेखिएका तीनवटा दानपत्र) भन्ने निबन्ध, सो भागका २०६–२०८ पृष्ठ ।

३७. *प्रोग्रेस् रिपोर्ट् अफ् द आर्कीओलज्इकल सर्भे अफ् इन्डिअ, वेस्टर्न सर्कल्, फर् द यर् १९०८–९* (भारतको पुरातत्त्वनिरीक्षणको पश्चिम मण्डलको वि. सं. १९६५ को प्रगतिवृत्तान्त) को ५३ पृष्ठ । यो पुस्तक मैले देखेको छैन । *एप्इग्राफ्इका इन्डिका*को १३ भागको २०७ पृष्ठमा र वि. सं. २०२२ मा दिल्ली, वाराणसी र पटनाबाट मोतीलाल बनारसीदासद्वारा प्रकाशित, दीनेशचन्द्र सरकारको *इन्डिअन् एप्इग्राफ्इकल् ग्लस्अरि* (भारतीय अभिलेखको अभिधान) को ९९ पृष्ठमा देवदत्त भाण्डारकरको वाक्य उद्धरण गरिएको छ ।

३८. वि. सं. १९११ मा लन्डनबाट विलियम एच. एलेन यान्ड कम्पनीद्वारा प्रकाशित, होरेस हाइमन विल्सनको *ए ग्लस्अरि अफ् जुडिश्अल् यान्ड् रिभेन्यू टर्म्ज्, यान्ड् अफ् यूस्फुल् वर्ड्ज् अकर्इङ् इन् अफिस्अल् डक्युमन्ट्स् रिलेट्इङ् टु दि अड्मिनिस्ट्रेशन् अफ् द गभ्अर्नमेन्ट् अफ् ब्रिट्इश् इन्डिअ* (अदालती र मालपोतसम्बन्धी पदहरूको र ब्रिटिश भारतको सरकारको शासनसम्बन्धी आधिकारिक कागजातमा परेका काम लाग्ने शब्दहरूको अभिधान) को १४६ पृष्ठ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

[दोहली, दोह्ली वा दोह्री हिन्दी। सेवा-भूमि अर्थात् जमीनदारहरूले गाउँका कर्मचारी, गरीब नातेदार वा साधु संन्यासीहरूलाई तिरो तिर्नुनपर्ने गरी दिइएका जग्गाजमीन। केही ठाउँमा यो शब्द बाहुनलाई दान दिइएको जग्गामा मात्र चलेको छ। बाली काट्ने समयमा फकीरहरूले पाइआएको बकसमा पनि यो शब्दको प्रयोग हुन्छ (दिल्ली)।]

हिन्दी भाषाको सबभन्दा ठूलो कोष *हिंदी-शब्दसागर*मा

दोहली– ... संज्ञा स्त्री० वह भूमि जो ब्राह्मण को दी गई हो[३९]

भनी ब्राह्मणलाई दान दिएको जग्गालाई दोहली भनिन्छ भनी लेखिएकोले पनि डोहलिका र दोहलीको मूल र अर्थ एउटै भएको कुरामा बल मिल्न गएको छ।

ब्राह्मण वा साधु संन्यासीलाई दिइएको जग्गालाई बुझाउन राजस्थानतिर चलेको डोहलिका शब्दको; सौगात, समर्पण वा दान भन्ने अर्थमा नेवारी भाषामा चलेको डोहरपा, दोहलपे, दोहरपा वा द्वहरपा शब्दको; पश्चिम नेपालका खस राजाहरूले बाहुनलाई जग्गा दान दिई लेखिदिएको दानपत्रमा परेको दोहोलि वा दोहलि शब्दको र बाहुनलाई दान दिएको जग्गालाई बुझाउन हिन्दी भाषामा चलेको दोहली शब्दको मूल मात्र एउटै नभई अर्थ पनि उस्तै उस्तै भएको कुरा यताबाट स्पष्ट हुन आएको छ। यस कारण खस राजाहरूका अभिलेखमा देखा परेको दोहोलि शब्दको निर्वचन नेवारी भाषामा चलेको डोहरपा जस्ता शब्दबाट गर्नुभन्दा डोहलिका, डोहरपा वा दोहोलि शब्दको मूल रूप पत्ता लाउन कोशिश गर्नुपर्ने अवस्था आएको छ। किनभने राजस्थानी, नेवारी, नेपाली र हिन्दी भाषामा यस शब्दको प्रकृति डोह वा दोह पाइएकोले यी सबै भाषामा एउटै स्रोतबाट यो शब्द आएको देखिन गएको छ।

पृथ्वीनारायण शाहको अप्रकाशित रुक्का

–महेशराज पन्त

श्रीदुर्गा १

१. स्वस्ति श्रीमन्महाराजाधिराजकस्य रुक्का

२. आगे. रणरुद्र साहप्रति. कालु जैसिकन प्रयागमहां कं ड्याल-

---

३९. वि.सं. १९७६ मा काशीबाट काशी–नागरी–प्रचारिणी सभाद्वारा प्रकाशित, श्यामसुन्दरदास, रामचन्द्र शुक्ल, जगन्मोहन वर्मा, अमीरसिंह, भगवानदीन, रामचन्द्र वर्माद्वारा सम्पादित *हिंदी-शब्दसागर*को तेस्रो खण्ड, १६४३ पृष्ठ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

३. ले बिर्त्ता दियाकोमा माटाको चलन कालु जैंसिको चलाइदेउ.
४. बिर्ता दिन्या जैंसि हो. तस्को कृया उसैका भाइहरुले गर्नुपर्छ
५. भनि कृया गराइदेउ. तस्कि आमालाई मन्यापछि षत लाया
६. भनि इहां आयो र मन्यापछिको षतलाइ बाभन्कन दुःख
७. दिन्या होइन. त्यो बांभनै हो भनि मोहोर बक्स्याको हो. इहां प-
८. नि ठोकिदेउ. जैंसि भाइ जो छन्सो कृया गरन्. सम्वत् १८१७ पौ-
९. षवदि २ रोज ४ शुभम्

(मेरा ससुरा श्रीराजाराम जोशीको सौजन्यले मूल पत्रबाट यसको नकल मैले सारेको हुँ ।)

पूर्णदासले बनाएको श्री ५ राजेन्द्रविक्रम शाहको पालाको फागुको बयान भएको अप्रकाशित नेपाली पद्य

—दिनेशराज पन्त

१. श्रीगणेशाय नमः ।। ।।
सत्यात्मा तपसो स्वभाव वसमा त्यो होलिका राक्षसी
क्रोधी राज्ज्यविना-
२. शिनो छ भनि ता यो होलिको काम् बसी .
कृष्णोत्सव् बनि गालि चालि पुरमा लाज् देषि भाग्दै नसी
३. वृन्दावन्छवि कान्तिपुर्सहर भै श्रीकृष्णलीला रसी १
राजेन्द्र शाह नृपराज ति चक्रवर्त्ती
गोरक्ष—
४. भूमि वृज भै बनि होरि भर्त्ती .
अत्तर्चुवा बहि नदी बनि लाल धर्त्ती

CC-0. Nepal Sanskrit Academy, Kathmandu

इन्द्रादि षुस् बनि क्क्या दिवि

५. क्वँ नजर्दो २

सकल नकल वृन्दावन् बनो रङ्ग तांहां

सचिव सबल सेना नाथका सङ्गमांहां .

अ-

६. तर अबिर कुङकुम् होलिका जङ्ग वांहां

थकित बनि ति अप्सर्षुस् भया सङ्ग तांहां ३

प्रद्युम्नका

७. सकल क्वँ युवराज जांहां

पाञ्चायनै ललितमूरति कृष्णमाहां .

द्वारावती वरण आइ त दिलि

८. वांहां

क्क्ता क्क्या क्वंजि क्क्यो हरिरास तांहां ४

लाल लालि बनि वाग्वति जांहा

लाल विष्णु-

९. मतिसङ्गतिमाहां .

लाल नाल पुरका बनि तांहां

बाल बाल वनिता बनि वांहां ५

हांनि

१०. हांनि सबले अनि लोला

साठि हातिसंग लाल ति जोला .

लाल भूमि बनि लाल ति टोला

११. येहि धूंम वृजमा पनि होला ६

बांधि टोलि भइयादकि जांहां

पूर्ण स्वर्ण पचका करमाहां .

CC-0. Nepal Sanskrit Academy, Kathmandu

१२. सैन्य सैन्यसंग मन्त्रि[1] त तांहा
होरि होरि मुख सैन्य अथाहँ ७
होरि बोलि चतुरङ्गिनि थक्-

१३. छन्
सम्झि रास हरिका संग रूक्छन् .
गोरखेश नृपका यश पक्छन्
पूर्णदास कवि को भ-

१४. नि सक्छन्। ८
नौपदी चरणमा बनि अर्जी
नाथ पाइ अब छुट् बनि कर्जी .
सौखभाव

१५. मिलि दुष् हटि तर्जी
पूर्ण मिलछ धन पाइ त मर्जी ९
शुभम्भूयात्

(पछिल्तिर)

श्री ५ राजेन्द्रविक्रम् शाहको वर्णन्
कविताबद्ध श्लोक् फागुको वरणन्[2]

(यो कृति परराष्ट्रमन्त्रालयको ९० सङ्ख्याको खाममा छ ।)

---

१. *मन्त्रि* लेखिएको पङ्क्तिमा मूलमा *भीमसेन* लेखिएको छ ।

२. यो पङ्क्ति भिन्नै अक्षरमा छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu

CC-0. Nepal Sanskrit Academy, Kathmandu

पूर्णिमा (इतिहास-प्रधान त्रैमासिक पत्रिका) का. मे. अ. द. नं. १५५/२४९

कार्यालय—

संशोधन-मण्डल

१०/३७४ वटु सवलबहाल, काठमाडौं, नेपाल

वि. सं. २०४१ माघ

यस अङ्कको मूल्य रु. १५।-

मुद्रक—

लुष प्रेस

ख १, ३७३ काठमाडौं—१